# कृषि



# जो नमुना बन्दैछन् गाउँमा


सुकवीर खड्का

सिराडी, बूढीनन्दा नगरपालिका-३, बाजुरा


आमा, श्रीमान्-श्रीमती, २ छोरा र १ छोरी गरी ६ जनाको परिवार । तर खेतीपाती भने मात्र २ पाथी खेत र ३ पाथी पाखो । यति जमिनको उत्पादनले सबैलाई खान पुग्ने कुरै भएन । त्यसपछि सुकवीर लागे भारत, मजदूरीका लागि ।

नेपाली उखान छ- बर्मा गए पनि कर्म सँगै । त्यहाँ पनि आफू खानेबाहेक कुनै प्रगति भएन । केही पैसा त कमाउँथे तर घर आउजाउ गर्दा र जाँदा साहूसँग लिएको पैसाको साउँ/ब्याज तिर्दैमा ठिक्क । त्यसैले दिक्क थिए उनी ।

चिन्ताले दुःख/पीडा थपिदिन्छ । चिन्तनले साहस । दोस्रो बाटो रोजे सुकवीरले । केही गर्नुपर्छ भन्ने भावना विकसित भयो । यही भावनाले उनलाई पीसविनको कार्यालय पुऱ्यायो । जहाँ उनले आफ्नो पीडा बिसाए । जीविकोपार्जनका क्षेत्रमा काम गरिरहेको पीसविनले सुकवीरलाई सहयोग गर्ने आश्वासन दिएपछि उनी ढुक्क भएर फर्के । भन्छन्- त्यो रात निद्रा पनि मज्जाले लाग्यो ।

नभन्दै उनले यो संस्थामार्फत ३ दिने तालिम पाए- व्यावसायिक तरकारी खेती कसरी गर्ने भनेर । हुन त उनले यसअघि पनि कृषि कार्यालयबाट यस्तै तालिम लिएका रहेछन् तर अभ्यास नगरेकाले बिर्सेका रहेछन् । लगत्तै प्रयोगमा ल्याइएकाले पछिल्लो तालिमले भने साँच्चै तालिमको काम गरेको उनको भनाइ छ ।

कमजोर आर्थिक अवस्थाका उनलाई तालिमले मात्र भरथेग हुने थिएन । यही बुझेर पीसविनले तालिमपछि तरकारीका बिउ दियो, प्लास्टिक दियो, टनेलका सामग्री दियो, थोपा सिँचाइ सेट दियो । त्यति मात्र हैन, आवश्यकताअनुसार कृषि प्राविधिक (जेटिए) पनि उपलब्ध गराइरह्यो ।

त्यसपछि त के चाहियो र ? सुकवीरको मेहनत र श्रम उनको खेतमा झुल्न थालिहाले । करिब १२ सय रूपियाँ मूल्यको १ मुरी धान फल्ने ठाउँमा उनले त्यति नै समयमा गोलभेँडाबाट १० हजार रूपियाँ कमाए । त्यसपछिको मौसममा काँक्रो बेचेर १५ हजार रूपियाँ कमाए । दोस्रो वर्षदेखि लगाउने तौरतरिकामा आएको सुधार, उन्नत बिउविजनको प्रयोग र प्राविधिक ज्ञान प्राप्तिका कारण आम्दानी बढ्दै गएको उनको ताजा अनुभव छ ।

यतिबेला सबैको खेतमा धानका बाला झुलिरहँदा ज्युला (फाँट) को बीचमा रहेको उनको खेतमा भने गोलभेँडा राताम्मे भइरहेका हुन्छन् । अनि अरूको खेतमा गहुँका बाला मास्तिर जान तँछाड मछाड गरिरहेका बेला उनको बारीमा भने काँक्रोलगायतका फल रहरलाग्दो गरी झुण्डिरहेका हुन्छन् । यसले मलाई कम्ता खुसी गराउँदै भन्छन् सुकवीर ।

यसरी मुख्य बाली बिस्थापन गरेर गोलभेँडा र काँक्रो लगाउन उनलाई सहज पक्कै भएन । गाउँलेले त सुकवीर बौलायोसमेत भने । आफ्नै आमा बाउले पनि थर्काए– अब के खान्छस्, भोकै मर्ने भइस् भनेर । तर सुकवीरले कसले के भन्छ भन्नेतर्फ ध्यानै दिएनन् । आफ्नो कर्म गरिरहे । ‘उत्पादन राम्रो भएर आम्दानी पनि राम्रै आएको देखेपछि त आमा बाउ पनि खुसी भए, परिवारका अरू सदस्य पनि हर्षित भए, त्यसपछि भने मलाई सघाउन पनि थाले’– उनले सुनाए ।

चलाख बनाएको छ तालिम र जेटिएहरूको सङ्गतले उनलाई । त्यसैले त बेमौसमी खेती मात्र गर्छन् । जब सबैले गोलभेँडा लगाउँछन्, उनी लगाउँदैनन् । सबैकहाँ काँक्रो फल्ने बेला उनलाई एउटा खान पनि रहर हुन्छ । तर जब बजारमा औषधिका लागि पनि गोलभेँडा र काँक्रो पाइँदैन तब भने उनी मज्जाले फलाउँछन् र बजारमा बेच्छन्, त्यो पनि राम्रो पैसा लिएर ।



## मैले पनि थालेँ

हामीले बाबुको सम्पत्तिबापत पाएको जमिन खेत र बारी गरी २ पाथी हो । त्यसको उब्जनीले ८ जनाको परिवारलाई के धान्थ्यो र ? मलाई परिवार पाल्नै धौ धौ थियो । मजदूरीका लागि धेरै टाढासम्म धाउनुपर्थ्यो । अहिले दाइले गरेको देखेर उनकै सहयोगमा मैले पनि गोलभेँडा र अन्य तरकारी लगाउन थालेको छु । जसले गर्दा मलाई परिवार पाल्न निकै सहज भएको छ ।

**दले खड्का**
(सुकवीरका भाइ) सिराडी

उनको नजिकको बजार कोल्टी हो जहाँ पुग्न उनको घरबाट करिब १ घण्टा लाग्छ । वर्षा (विशेष गरी साउनदेखि असोजसम्म) बजारदेखि उनको गाउँसम्म मात्र हैन, जिल्ला सदरमुकाम मार्तडी र अन्यत्रबाट कोल्टी आउने बाटो प्रायः बन्द हुन्छ अर्थात सवारी साधन चल्दैनन् । त्यतिबेलै हो, उनले गोलभेँडा निकाल्ने । ‘यो बेला बाहिरबाट गोलभेँडा आउन पाउँदैन, त्यसैले राम्रो भाउ पाइन्छ’– उनी थप्छन्– मैले यही बेलालाई लक्षित गरेर गोलभेँडा लगाउने गरेको छु । जसबाट राम्रो फाइदा भइरहेको छ ।

करिब १ सय २० परिवार बस्ने सिराडीमा आधा दलित समुदायका छन् भने आधा क्षत्री समुदायका । सिङ्गो बस्तीका कसैलाई पनि आफ्नो उत्पादनले ३ महिना पनि खान पुग्दैन । यस्तो अवस्थामा सुकवीरको परिवार जेनतेन वर्षभर आफ्नै कमाइले खान पुग्ने नमुना परिवार बन्न सकेको छ ।

सुकवीरको प्रगति आफूमा मात्र सीमित छैन । सुरूमा ‘सुकवीर बौलाएछ’ भन्नेहरू हामी पनि गर्छौं सिकाइदेऊ भन्न थालेका छन् । नन्दराज खड्का, दले खड्का, गगनसिंह ऐडीहरू अहिले व्यावसायिक तरकारी खेतीमा लागेका छन्, सुकवीरकै पारामा । यसले आफूलाई निकै खुसी तुल्याएको बताउँछन् सुकवीर ।



# बल्ल फु¥यो स्थायी विकल्प

धनबहादुर बिक

विरसैन, बूढीनन्दा नगरपालिका–५, बाजुरा

खेतबारीमा जोत्नुअघि सबैतिर मल फिँज्ने । त्यो पनि काँचो मल । धेरै फल्ने लोभमा बाक्लो बाक्लो गरेर रोप्ने । फसल राम्रो होला भनेर पानी पनि लगाइरहने । अनि गाह्रो हुन्छ भनेर रोप्ने कुरा पनि सम्म परेको जमिनमा रोप्दिहाल्ने, खन्दासाथ । धनबहादुर बिकले गर्दै आएका खेतीपातीको तरिका यही हो ।

सबैसँग गुनासो गर्थे– दिनरात बूढाबूढी नै खेतीपातीमा खट्छौँ तर पनि उत्पादन एकदम कम हुन्छ । बालबच्चाको पेट भर्न पनि गाह्रो भो, के गर्ने होला ? त्यसैले उनी कहिले विदेश जाने त कहिले खेतीपाती छाडेर कुनै अरू नै काम गर्ने सोच बनाइरहन्थे । तर जे गर्न पनि पैसा नै चाहिन्थ्यो जुन उनीसँग थिएन । हुने कुरा पनि भएन जब आर्जनको बाटै थिएन भने ।

खेतीपातीसँग दिक्क भएर सम्बन्ध विच्छेद गर्ने अवस्थामा पुगेका उनी अहिले भने यही खेतीसँग खुसी छन् । किनकि अहिले उनको उत्पादन बढ्न थालेको छ । त्यसले जीविकोपार्जन सहज तुल्याएको छ । अहिले भन्छन्– अब त खेतीबाहेक अन्य कुरै सोच्नै नसक्ने भएको छु ।

उनको सोचाइमा मात्र हैन, व्यवहारमा पनि परिवर्तन आएको छ यतिखेर । व्यवहारमा मात्र हैन, जीविकामा पनि देखिन थालेको छ प्रभाव । कसरी ? ‘अहिले म गोलभेँडा, काउली, फर्सी, काँक्रो, खुर्सानी, केराउ आदि रोप्छु । यिनलाई बजारमा बेच्छु र जीविका राम्रोसँग चलाउँछु’– उनको उत्तर छ ।

यिनै तरकारी उनी पहिले पनि लगाउँथे । तर अहिले बढी फल्न थालेको मात्र हो । कारण– उनले खेती गर्ने नयाँ तरिका जाने । पीसविनको कृषक पाठशाला सञ्चालन कार्यक्रमअन्तर्गत खेतमै गएर कृषि प्राविधिकहरूले तरिका सिकाउन थालेपछि उनमा नयाँ

जागरूकता आयो । फलस्वरूप उनी अहिले जे बिउ/बेर्ना पनि ड्याङ बनाएर मात्र रोप्छन् । मल पाकेको मात्र प्रयोग गर्छन् । त्यो पनि सबैतिर नछरी बोट वरिपरि मात्र हाल्छन् ।

यसो गर्दा उनले धेरै फाइदा हुने अनुभव बटुलिसकेका छन् । पहिलो त हेर्दै बालीनाली राम्रो देखिन्छ । दोस्रो निश्चित दूरीमा रोपराप गर्दा गोडमेल गर्न र हुर्कन सहज हुन्छ । तेस्रो सबै बिरूवाले आवश्यक मात्रामा माटो र मल पाउँछन् । पातलो रोपेका कारण रोग लागेको बिरूवा पहिचान गर्न र उपचार गर्न सहज हुन्छ । यी सबैको समिश्रणका कारण उत्पादन बढी हुने त भइहाल्यो ।

कृषि प्राविधिकले खेत/बारीमै आएर सिकाउन थालेपछि उनीमात्र हैन, उनको समूहका २५ जनै कृषक लाभान्वित भएका छन् । खेती गर्ने तरिका, आय आर्जनको मेलो, नर्सरी, मल र गोठ सुधारमात्र हैन, जैविक मल र जैविक विषादीबारेसमेत जानकारी पाएपछि सबैको उत्पादन र सँगै आर्जन बढेको धनबहादुरको भनाइ छ ।

धनबहादुरले पीसविनबाट पाएको ज्ञान र सहयोग यतिमा सीमित छैन । उनले यो संस्थामार्फत आइपिएमदेखि नर्सरीसम्बन्धी तालिमसमेत लिइसकेका छन् । यसरी लिएको तालिममा भनिएअनुसार व्यवहारमा लागु गर्नका लागि आवश्यक सामग्रीसमेत पाएका छन् सहयोगबापत । थोपा सिँचाइ सेट, टनेलका सामग्री, मल्चिङ प्लास्टिक, गार्डेन पाइप, बिउलगायत सहयोग पाएपछि आफ्नो जाँगर ह्वात्तै बढेको उनको भनाइ छ ।



## हेर्दाहेर्दै जान्ने भएँ म पनि

पीसविनको जेटिए हामी काम गरिरहेको ठाउँमा आएर यो ठीक छ, त्यो भएन, यसरी गर्नुपर्छ भनेर सिकाउनुहुन्थ्यो । कम्तीमा पनि महिनामा एक पटक यसरी सिकाउन थालेपछि श्रीमान्सँगै मैले पनि धेरै कुरा थाहा पाएँ । अहिले त खेतीको कुनै पनि काम गर्न उहाँ (श्रीमान्) नै चाहिन्न, मलाई पनि सबैजसो कुरा थाहा भइसक्यो । त्यसैले जसले भ्यायो उसैले गर्न पाइएको छ । यसो गर्दा मलाई पनि निकै सन्तुष्टि मिलेको छ ।

**बाचु बिक**
(धनबहादुरकी श्रीमती), विरसैन

बाबुको सम्पत्तिबाट अंशबापत मात्र साँढे ४ मिटर जमिन पाएका धनबहादुर यही जमिनमा उभिएको घरमा बस्छन् । त्यसबाहेक आफ्नो भन्ने एक धुर जमिन छैन उनको यस धर्तीमा । सिप खनजोत गर्ने छ तर खनजोत गर्न जमिन छैन । त्यसैले उनले विजयराम पाध्यको जमिन माते (निश्चित पैसा दिएर ब्याजबापत खेती गर्न लिएको जमिन, जुन दिन उसले पैसा फिर्ता गर्छ त्यो दिन जमिन पनि फिर्ता गर्नुपर्छ) मा लिएका छन् खेती गर्नकै लागि । र, अहिले उनी ५ पाथीमा तरकारी खेती गर्छन् । जसले उनको ४ छोराछोरीसहितको परिवार धानिएको छ ।

१२ कक्षा पास गरेका धनबहादुर जागिरका लागि धेरै ठाउँ भौतारिए । तर कतै पाएनन् । २-३ वर्ष भारतको पिथौरागढ पनि गए मजदूरी गर्न । तर त्यहाँबाट पनि परिवार पाल्न सहज भएन । कमाएको जति खाँदै र ऋण तिर्नैमा सकिने भयो । यसरी जताजतै असफल भएपछि गाउँमै आएर अरूकै जग्गामा खेती गर्दा पनि राम्रो हुने रहेछ भन्ने पाठ सिकेका उनी अब भने यताउता कतै नसोच्ने भएका छन् । आफूलाई पीसविनले कृषक पाठशालामा सहभागी गराएर ठूलो गुन लगाएको घरिघरि बताउने उनी अब थप जमिन माते वा भाडामा लिएर खेतीको क्षेत्रफल बढाउने निष्कर्षमा पुगेका छन् । भन्छन्- मसँग यसो गर्नुको विकल्पै छैन अब त ।



# नर्सरीले उकासेको जीवन

बुदे रावत

गेडे गाउँ, बूढीनन्दा नगरपालिका-८, बाजुरा

कहिले जनजाति समुदायको भेडा गोठालो बने । ६ वर्ष भारतमा पनि मजदूरी गरे । बिहान तारा नबिलाउँदै उठेर काम गर्ने र बेलुका पनि तारा उदाएपछिमात्र सुत्ने गर्दा पनि दिनको ३५ रूपियाँ भन्दा बढी पाएनन् । एकसरो राम्रो कपडा लगाउन र एक छाक मीठो खान पनि धौ धौ । सधैँ परिवारको विचल्ली ।

त्यसपछि आफ्नै गाउँ फर्केका बुदे के गरौँ भनेर निकै घोत्लिए । तरकारी खेती गरौँ, धेरैले गरेको देखे । पम्परागत खेती त मन पर्ने कुरै भएन । यसबाट उँभो लाग्ने नदेखेकै कारण गोठालोदेखि भारतसम्म धाएका । पसल/व्यापार पनि सहज थिएन । त्यसैले आफ्नै भएको जमिन सुहाउँदो काम रोजे उनले ।

अर्थात उनले गाउँ त के, क्षेत्रमै नभएको नर्सरी व्यवसाय रोजे । एकातिर भिरालो र चिस्यान जमिन भएकाले ओखर, स्याउ आदि फलफूलको सम्भाव्यता प्रशस्त भएको अर्कोतिर यसका लागि बिरूवा भने बाहिरी जिल्लाबाट ल्याउनुपर्ने अवस्था उनले राम्रैसँग बुझेका थिए । त्यसैले अब आफैँ बिरूवा उत्पादन गर्ने र जिल्लाभरकै आवश्यकता पूरा गर्ने सोचसाथ अघि बढे उनी ।

गर्ने त गर्ने तर कसरी गर्ने ? पुँजी कहाँबाट जुटाउने ? बिरूवा कसरी र कहाँबाट ल्याउने ? के/केका बिरूवा उमार्ने ? बजार कहाँ कहाँ होला ? लगाउने, काँटछाँट गर्ने तौरतरिका के होला ?- यावत् प्रश्न उपस्थित भए ।

जहाँ समस्या, त्यहाँ समाधान । पीसविनको सम्पर्कमा पुगेपछि उनका धेरै प्रश्नले निकाश पाए । उनले नर्सरी व्यवस्थापन तालिम लिन पाए । तालिमपछि नर्सरी घेरबार गर्न सहयोग पाए । यसैगरी पाइप, ट्याङ्की, स्प्रिङकल, हजारी, टनेलका सामग्री पनि प्राप्त गरे । 'समग्रमा पीसविनले ४ लाख रूपियाँ जतिको सहयोग गरेको छ मेरो नर्सरीका लागि'- उनले प्रशन्न हुँदै सुनाए ।

२ डोको पनि मकै नफल्ने उनको जमिनमा अहिले हजारौँ हैन, लाखौँ रूपियाँका बिरूवा छन् । गत वर्षमात्र डेढ लाख रूपियाँ जतिको बिरूवा बेचे । बिक्री हुन बाँकी बिरूवा अझै धेरै छन् । बिरूवा उत्पादन गर्नमात्र सक्नुपर्छ, बिक्रीको कुनै समस्या नै छैन भन्ने बुदे आफ्ना नर्सरीका सबै बिरूवा करिब करिब अर्डर भइसकेको बताउँछन् ।

उनको नर्सरीमा उत्पादन भएका सबै बिरूवा जिल्लास्थित कृषि ज्ञान केन्द्रले नै खरिद गरेर विभिन्न ठाउँका किसानसम्म पुऱ्याउँछ रे । खासगरी ओखर र स्याउका बिरूवाको माग धेरै भएकाले आफूले पनि पूरै दिन नसकेको उनको भनाइ छ । यही कारण अब अरू जमिनमा पनि नर्सरी क्षेत्रफल वृद्धि गर्ने योजना उनले बनाइसकेका छन् ।

डडेलधुरा गएर किबी र धनगढी गएर मौरी पालन व्यवसाय हेरेका बुदेले फर्केपछि किबीका बिरूवा पनि रोपेका छन् भने मौरी पालनसमेत सुरू गरिसकेका छन् । तालिममा सिकेका कुरा र देखेका विषयलाई व्यवहारमा लागु गर्नु आफ्नो विशेषता नै भएको बताउने बुदे नत्र त हेर्न र सिक्न जानुको अर्थ नै के रह्यो र भन्छन् ।

अचम्मका छन् उनी । जसले जे हुँदैन वा नगर भन्छन्, त्यसैलाई पत्याएर बस्दैनन् । नयाँ नयाँ प्रयोग गरिरहने बानी छ उनको । उनलाई केही जानकारले यहाँ फुजी स्याउ र किबी हुँदैन भनेछन् । उनले भने ‘लौ हेरौँ न त’ भनेर यी दुवैथरी लगाइरहेका छन् । ‘दुवैथरी राम्रोसँग हुर्किरहेका छन्, म गरेरै देखाउँछु’– उनको अठोट छ ।

सुन्तला, कागती जस्ता अन्य फलफूलका बिरूवा पनि लगाइरहेका उनी प्रत्येक नर्सरीमा एउटा पानी ट्याङ्की र मल खाडल जरूरी रहेको बताउँछन् । पीसविनले दिएको तालिममा सिकेअनुसार नै अघि बढ्दा अहिलेसम्म समस्या आइनपरेको बताउने उनी जेटिएहरूकै सहयोगका कारण आम्दानी राम्रो हुन सकेको दाबी गर्छन् र भन्छन्– उहाँहरूको सङ्गत र निरन्तरको भेटघाटले अहिले म आफैँ पनिससानो जेटिए भइसकेँ जस्तो लाग्छ ।

‘म ३ वर्षभित्र जिल्लालाई ओखर र स्याउको बिरूवामा आत्मनिर्भर बनाउने योजनासाथ अघि बढेको छु । यसका लागि कृषि ज्ञान केन्द्रदेखि पीसविनसम्मले मलाई पूरा साथ दिने वचन दिएका छन्’, उनी थप्छन्– यसो भयो भने बाजुराले फलफूल बिक्रीबाटै बर्सेनि करोडौँ रूपियाँ आम्दानी गर्न सक्छ र यहाँका बासिन्दाको जीवनस्तर उकासिन सक्छ ।

## सही ठाउँमा लगानी

बुदे एकदम मेहनती किसान हुन् । हाम्रो ठाउँमा लामो समयदेखि विभिन्न क्षेत्रमा काम गर्दै आएको पीसविनले उनीमाथि लगानी गरेर सही काम गरेको छ । उनको नर्सरीका कारण जिल्लाको पैसा बाहिरिन पाउँदैन अब ।

**प्रेमलाल ल्वार**
वडा सदस्य, वडा नं. ८, बूढीनन्दा नगरपालिका, बाजुरा

पीसविनको तालिम लिएर सफलपूर्वक नर्सरी चलाइरहेका बुदेको पहिचान प्रशिक्षकका रूपमा पनि हुन थालेको छ यतिबेला । जिल्लास्थित कृषि ज्ञान केन्द्रले उनलाई स्याउ कलमी गर्नेलगायत अन्य काम सिकाउन प्रशिक्षकका रूपमा निम्त्याउने गरेको छ बेलाबेलामा । ‘दिनको १५ सय रूपियाँ दिन्छन्, सिकाउन पाउँदा खुसी पनि लाग्छ’– यसबाट पनि मलाई निकै हौसला मिलेको छ भन्छन् बुदे ।



नर्सरीको आम्दानीबाट ८ पाथी खेत किनेका उनले जीवनमा पहिलोपटक राष्ट्रिय वाणिज्य ब्याङ्कमा खाता खोलेर करिब डेढ लाख रूपियाँ बचतसमेत गरेका छन् । ‘यस्तो उपलब्धि गर्न सक्छु भन्ने मेरो सपनामा पनि थिएन’– खुसी हुँदै बताउँछन् ।



# बहुमुखी प्रतिभाका धनी

**बलबहादुर खड्का**

खड्काबाडा, बूढीनन्दा नगरपालिका-७, बाजुरा

२ पाथी पाखो र २ पाथी खेत भएका बलबहादुरले यसपाला आफ्नै लागि रोप्ने बिरूवा नै पाएनन् । भर्खरै उम्रिएका काँक्रो, फर्सी, लौका, तीते करेला, टमाटर, चिचिण्डो आदि नर्सरीबाटै बिकेपछि उनी अनुमान मिलेन भनेर चित्त बुझाउन बाध्य भए । 'यति धेरै बिक्छ भन्ठानेको भए अझै धेरै बिरूवा उमार्ने थिएँ, अनुमान गर्नै सकिन', उनले सुनाए- अब ढिलै भए पनि आफ्ना लागि बेर्ना तयार गर्नुपर्ला ।

हो, बेर्ना जति उमारे पनि बिक्छ । नबिक्ने समस्यै छैन । बाक्लो गाउँ भएको र बेर्ना उमार्ने जुक्ति सबैमा नहुने भएकाले पनि बलबहादुरले उमारे जति बेर्ना सबै बिक्छ । त्यसैले उनी नर्सरीमा निकै हौसिएका हुन् । भन्छन्- यहाँ अरूले नर्सरी नराखेका कारण पनि मेरो व्यवसाय राम्रो हुन सकेको छ ।

उनको नर्सरीमा यतिबेला काँक्रो, टमाटर, जुकेनी फर्सी, लौका, तीते करेला, चिचिण्डो, घिरौँला आदिका बेर्ना छन् । एक लटको सबै बिकेपछि पुनः उम्रन थालेका बेर्ना देखाउँदै उनी भन्छन्- 'यीमध्ये जति बिक्छन् बिक्छन्, नबिकेका बेर्ना आफैँ रोप्नेछु ।' यस अर्थमा उनी बेर्नामात्र हैन, तरकारी पनि बिक्री गर्छन् ।

बलबहादुरको परिचय नर्सरीवाला र तरकारीवालामा मात्र सीमित छैन । उनी स्थानीय स्रोत व्यक्ति पनि हुन् । पीसविनले दिएको ३ दिने एलआरपी तालिम लिएका बलबहादुरले पीसविनबाटै तरकारी र व्यावसायिक खेतीसम्बन्धी अन्य तालिमसमेत हासिल गरेका छन् । जसबाट आफूले व्यावसायिक योजना, नर्सरी व्यवस्थापन, बिउविजन, सिँचाइ, मल, जैविक मल र विषादी आदिबारे जानेको उनको भनाइ छ ।

धेरै विषयमा ज्ञान भएकै कारण अहिले उनी वरपरका मात्र होइन, टाढाका किसानबाट पनि सहयोगका लागि बोलाइने व्यक्ति बनेका छन् । आइपिएम तालिमसमेत लिएका उनी विभिन्न कृषक समूहमा गएरसमेत सिकाउँछन् । 'आफूले नजानेको विषयमा पीसविनका



प्राविधिकसँग सोध्ने र अरू किसानलाई सिकाउने गरेको छु'- उनी बताउँछन् ।

विभिन्नखाले तालिमपछि उनी आफैँले पनि पीसविनबाट टनेलका सामग्री, थोपा सिँचाइ सेट, प्लास्टिक, बिउविजन जस्ता सहयोग पाएकाले नर्सरी तथा खेती गर्न थप हौसला मिलेको बलबहादुरको भनाइ छ । जसबाट गोठे मल बनाउन तथा गोठ सुधार गर्न मात्र हैन, यसबारे अरूलाई सिकाउन पनि सहज भएको छ रे उनलाई ।

बलबहादुर खासगरी बेमौसमी तरकारी, फलफूल लगाउँछन् । भनाइको मतलव जतिबेला यहाँको सडकमा अन्यत्रबाट तरकारी, गोलभैँडा आदि आउन सक्दैन, त्यतिबेला उत्पादन निस्कने गरी बिरूवा लगाउँछन् उनी । त्यसैले आफ्नो उत्पादन करिब डेढ/दुई घण्टाको कोल्टी बजारसमेत लान नपर्ने र गाउँकै चापारूख भन्ने सानो बजारमै बिक्ने ठोकुवा गर्छन् उनी ।

उनको मेहनत, श्रम, आम्दानी र प्रगति देखेर लोभिने पनि धेरै देखिएका छन् गाउँमै । अनि कतिपयचाहिँ आफू पनि उनको जस्तै व्यवसाय गर्नुपर्‍यो भनेर सहयोगको याचना गर्छन् । पहैँलसेराका लोपा कार्की, शेरबहादुर खड्कालगायत त्यस्ता प्रमाण हुन् जो बलबहादुरकै सहयोग र प्रभावका कारण अहिले व्यावसायिक तरकारी खेतीमा तल्लीन छन् ।

## धन्य छ पीसविन

पीसविनले हाम्रो गाउँठाउँमा स्वास्थ्य, कृषि, पोषण, सरसफाइ आदि क्षेत्रमा काम गरेको धेरै समय बितिसकेको छ । यस क्रममा महिलालाई सशक्त तुल्याउनेदेखि कृषकलाई तालिम दिएर बिउविजन तथा कृषि उपकरण सहयोग गर्ने जस्ता कामसमेत गर्दै आएको छ । यसबाट बलबहादुर जस्ता धेरै अगुवा कृषक तयार हुनु गाउँका लागि निकै खुसीको कुरा हो । किनकि बाली तथा पशुपन्छीमा सामान्य समस्या देखिए पनि करिब २ घण्टा परको कोल्टी नै पुग्नुपर्ने समस्या अब हटेको छ । अर्थात किसानले घरदैलोमै सेवा पाउने अवस्था चानचुने मान्न मिल्दैन ।

म आफैँले पनि जनप्रतिनिधिको काम, कर्तव्य र अधिकार के हो भन्नेदेखि कानुनी पक्ष तथा महिलाको अधिकार आदि विषयमा पीसविनले दिएको तालिम लिएकी छु । जसले मलाई पनि आफ्नो भूमिका निर्वाहमा निकै सघाएको छ । त्यसैले सबैलाई, खासगरी महिलालाई जनचेतनाले सज्जित तुल्याउने र कृषकहरूलाई टनेल, कृषि सामग्री आदि सहयोग गर्ने यसको कार्यक्रम निकै प्रभावकारी पनि छ । जसलाई निरन्तरता दिनुपर्छ भन्ने ठान्छु ।

**धनसरा जैसी**
वडा सदस्य, वडा नं. ७, बूढीनन्दा नगरपालिका, बाजुरा

गाउँमै कृषिको स्रोत व्यक्ति उपलब्ध भएपछि वरपरका कृषक पनि खुसी हुन पुगेका छन् । सानोतिनो समस्यामा पनि कृषि ज्ञान केन्द्र पुग्नुपर्ने समस्याबाट मुक्ति पाएपछि उनीहरू यतिबेला बलबहादुरले लिएका एलआरपी तालिमको महत्व बुझ्ने भएका छन् । र, अरू पनि यस्तो तालिम लिन उत्सुक देखिएका छन् ।

८-९ वटा गाईवस्तुसमेत पालेका बलबहादुर साँच्चै नमुना कृषक हुन् यस क्षेत्रका । पढ्दै गरेका २ छोराछोरी र बूढाबूढी पालिने एकमात्र उपाय बेर्ना, तरकारी तथा दूध भएको बताउने बलबहादुर पीसविनले उपलब्ध गराएको विभिन्न तालिम र प्राविधिक तथा कृषि सामग्री सहयोगले होस्टेमा हैँसे थपेको बताउँछन् । वनजन्य सामग्री, काष्ठ पैदावर तथा जडीबुटी सम्बन्धमा समेत जानकार बलबहादुर अब अन्य क्षेत्रमा पनि संलग्न हुँदै जाने र आय आर्जन बढाउने योजना सुनाउँछन् । र, थप्छन्- यस्ता कार्यमा गाउँका इच्छुक अन्य किसानलाई पनि लाग्न उत्प्रेरित गर्नेछु ।



# काकाकुल रहेन गिमा


**कालीबहादुर कार्की**

नखर्ची, खत्याड गाउँपालिका-९, मुगु


बस्ती माथि । २५ घरको । १५ मिनेट ओर्लेपछि भेटिन्छ ढुडे खोला । गिमा गाउँ नाम गरेको यो बस्तीका बासिन्दाले पिउने पानी यही खोलाको हो । यही खोलाको पानी पनि सजिलोसँग थाप्न पाइयोस् भनेर धारोको आकार दिएका थिए एउटा कुनाबाट । त्यो पनि बगाइदियो गत वर्षाको बाढीले । त्यति मात्र हैन, वडामा धेरैपटक धाएर ४० हजार रूपियाँ ल्याएर पुनः धारो खडा गरे । त्यसलाई पनि बाढीले देखिसहेन । त्यसपछि त खोलामा सोभै बगेको पानी उठाएर पिउनुको कुनै विकल्पै रहेन उनीहरूसँग । चाहे त्यो वर्षाका कारण हिलाम्मे होस् वा पशु र मानिसले गोब्र्याएको बगाएर ल्याएकै किन नहोस् ।

हैरान थिए गिमाबासी । तर पनि कुनै उपाय सोच्न सकिरहेका थिएनन् । हुन त खत्याड गाउँपालिकाका अध्यक्ष नै नखर्चीकै हुन् तर पनि गिमा गाउँ भने काकाकुल (पानीका लागि मेघमा भर पर्ने एक पक्षी) को नियति भोग्न बाध्य थियो ।

भनिन्छ– जहाँ इच्छा, त्यहाँ उपाय । गिमाबासीको तिर्खा मेटाउने उपाय बनेर देखापऱ्यो– आरआरडिसी । 'जब हामीले आरआरडिसीसमक्ष आफ्ना माग राख्यौँ, त्यसपछि उक्त संस्थाबाट यहाँ आएर हेर्ने काम भयो र हामीलाई पानी उपलब्ध गराउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो'– गिमागाउँ खानेपानी सिँचाइ योजना उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर कार्कीले बताए ।

त्यसपछि नै हो गिमागाउँमा पिउने र सिँचाइका लागि पानी व्यवस्थापन गर्ने काम सुरू भएको । लगत्तै स्थानीयको जनश्रमदानसहित करिब ५ लाख रूपियाँको लागतमा पानीको योजना सुरू भयो । करिब ६ सय मिटर परबाट पाइपमार्फत ल्याइने पानी गाउँमाथि बनाइएको ट्याङ्कीमा जम्मा गर्ने अवस्था मिलाइएको छ । ५ हजार लिटरको ट्याङ्कीमा भरिने पानी समय मिलाएर गाउँमा वितरण गर्ने योजना पनि उपभोक्ता समितिले बनाइसकेको छ ।

उपभोक्ता समितिका अध्यक्ष कालीबहादुरका अनुसार ट्याङ्की भरिएपछि पानी ओभरफ्लो भएर खेर नजाओस् भन्नका लागि ट्याङ्की भन्दा केही मुनि एउटा पोखरी पनि बनाइएको छ । जहाँ ओभरफ्लो भएको पानी मात्र हैन, स्थानीयले नुवाइधुवाइ गरेका वा भाँडा माझेका र प्रयोग भएको अन्य पानी पनि जम्मा हुने व्यवस्था मिलाइएको छ । उक्त पानी भने नजिकको जमिनमा सिँचाइका लागि प्रयोग गरिने योजना पनि छ ।

यस अर्थमा गिमागाउँको खानेपानी योजना पिउने, नुवाइधुवाइ र सिँचाइ गरी बहुप्रयोजनमा लगाउने उद्देश्यमा आधारित छ । जसअन्तर्गत एक थोपा पानी पनि खेर जान पाउँदैन । भएको थोरै जमिनमा पनि सिँचाइ अभावले खासै उत्पादन हुने थिएन । अब भने केही अनाज उत्पादन हुने आशा स्थानीयले राखेका छन् ।

उसै त स्थानीय सडक रातापानीबाट करिब डेढ/दुई घण्टाको उकालो चढेपछि आउँछ यो गाउँ । त्यसैले यहाँबाट बजार आऊजाऊ सहज छैन । अर्कोतर्फ सिँचाइ अभावमा तरकारीसमेत नफल्ने हुँदा सधैँ अभाव हुने गर्थ्यो । 'अब भने कम्तीमा पनि तरकारीचाहिँ आफैँ उमारेर खान पाइने भो भनेर निकै खुसी लागेको छ'– स्थानीय उदय कार्की खुसी व्यक्त गर्छन् ।

'तरकारीका लागि सधैँ सुकाएको कर्कलो र सिमीमा भर पर्नुपर्थ्यो । अब भने पिउने पानी त पाइने भो नै, सँगै आफ्ना लागि आफैँ तरकारी उमारेर खान पाइने भो भन्ने लागेको छ', ६८ वर्ष पुगेका गब्दल कार्की हुक्का तान्दै थप्छन्– बुढेसकालमा आएर यो सुविधा पाउँदा कम्ता खुसी लागेको छैन ।

यो गाउँमा विभिन्न कार्यक्रम लिएर पुग्दा रहेछन् विभिन्न संस्था । कुनै संस्थाले प्याज र विभिन्न तरकारीका बिउ/बेना दिँदारहेछन् । कसैले केरा खेतीका लागि सहयोग गरेका रहेछन् । तर पानी अभावमा प्याज र अरू तरकारीका बिउ/बेर्ना नै मरे । केराको बोटै सुक्यो । 'सहयोग आवश्यकतामा आधारित नहुँदा प्रभावकारी हुन सकेन । अहिले भने हामीले खोजेको सहयोग पाएका छौँ । त्यसैले अब भने तरकारी लगाउनेदेखि सहयोगका अन्य कार्यक्रम पनि प्रभावकारी हुनेमा शङ्का छैन'– योजना निर्माण समितिका अध्यक्ष कालीबहादुरको भनाइ छ ।

## टऱ्यो मिलको समस्या पनि

घरचाहिँ करिब अढाइ सयको सङ्ख्यामा तर कुटानी, पिसानी मिल भने शून्य । बिहानभर लगाएर जानुपर्ने खोलाको घट्टले पनि चामल, पिठो सबै पिँधिदिए त हुने । पिठो मात्र पिँध्ने भएकाले धान त आँगनको ओखलमा कुट्नुको विकल्पै थिएन । घट्टमा पनि मकै पिँध्न घण्टौँ लाग्ने । जाऊ, पिँध र आऊ गर्दा दिन पूरै खत्तम । उता ओखलमा धान कुट्दा घण्टौँ लाग्ने भएकाले समय पनि बर्बाद, दुःख पनि उत्तिकै । त्यसैले आजित थियौँ हामी ।

हाम्रो यही समस्या बुझेर होला, अहिले आरआरडिसीले मिलका लागि सहयोग गरेको छ । अब हाम्रै गाउँमा धान, मकै, गहुँ र कोदो मात्र पिँध्न हैन, तेलसमेत निकाल्न सकिन्छ । टाढा जानु नपर्ने भएपछि समय बचत भएको छ भने बच्चादेखि वृद्धसम्मले ओखलमा धान कुट्नुपर्ने अवस्थाबाट पनि मुक्ति मिलेको छ । त्यतिमात्र हैन, मिलमा प्रयोग भइसकेको पानी सिँचाइका लागिसमेत प्रयोग हुने हुँदा उत्पादनसमेत वृद्धि हुने अवस्था सिर्जेको छ ।

**नन्दलाल रोकाय**
अध्यक्ष, कुटानी, पिसानी मिल निर्माण समिति, नखर्ची





# अभाव बगाउने कुलो


भरत बिक

कोल्टी, बूढीनन्दा नगरपालिका-२, बाजुरा


पहिले- कोल्टी बजारैमुनिको फाँट एक चौथाइजसो बाँझै देखिन्थ्यो । खन्यो, रोप्यो, गोड्यो, मल हाल्यो तर आकाशबाट पानी परिदिएन भने मेहनतदेखि लगानीसम्म सबै त्यत्तिकै खेर जाने भएपछि कसले गरोस् दु:खमात्र । एकातर्फ भएको खेतीपाती बाँझै रहने अवस्था अर्कोतर्फ स्थानीय भने खानपिनको मेसो जुटाउनै भारततर्फ मजदूरीका लागि जानुपर्ने बाध्यता । खेती पनि गर्न नसक्ने र मजदूरीका लागि भारत पनि जान नसक्नेहरू त दु:खको आहालमै डुबेका थिए । कम्ता पीडा बेहोरेनन् स्थानीयले ।

अहिले- धेरै वर्ष बाँझो राखेपछि धनबहादुर बिकले खेतीपातीलाई निरन्तरता दिएका छन् । यतिबेला उनको खेतमा गहुँका बाला झुलिरहेका छन् । त्यसैगरी उजाड देखिने सतधन बिकको खेत पनि हरियालीमा परिणत भएको छ । अर्कोतर्फ विजय पुरी र गोकुले सहनीले पनि आफ्नो जमिनलाई उत्पादनमूलक बनाएका छन् । यस्ता धेरै नाम छन् जो वर्षौंको बाँझोपछि यतिखेर खेतीपातीमा आकर्षित भएका छन् । जमिन बाँझो राखेर अन्यत्र भुल्न विवश भएकाहरू पनि पुन: खेतीपातीमै फिर्तिएका छन् ।

कारण- केही वर्षको अन्तरालमा ज्युला (फाँट) पूरै हरियालीमा परिणत हुनुमा कुनै जादू वा तन्त्रमन्त्रको खेल छैन । न त यहाँ रातारात कुनै चमत्कार नै भएको हो । कोटकुलो सिँचाइ कुलो योजना निर्माण समितिका अध्यक्ष भरत बिक भन्छन्- जब पीसविनले कुलोका लागि हामीलाई आर्थिक सहयोग गर्‍यो त्यसपछि यो ज्युलाको मुहार फेरिएको हो । यही कुलोको पुनर्निर्माण र त्यसबाट भइरहेको व्यवस्थित सिँचाइ नै माथि उल्लिखित फेरबदलको मुख्य कारण हो ।

कुलो पहिले पनि नभएको हैन । तर परम्परागत कुलो भएकाले पानी चुहिन्थ्यो ठाउँ-ठाउँबाट । अनि माथि माथिका जग्गावाला

केहीले लगाउँथे, बाँकी सबै हिस्स । अहिले त्यही कुलोलाई पक्की र व्यवस्थित गर्न सघाएको हो पीसविनले । 'अहिले त पानी पनि ठूलो आउँछ, कतै चुहिन्न, तल तलका खेतसम्म सिँचाइ गर्न सकिन्छ, त्यसैले पनि कृषकहरू बाँझिएको खेतमा बाली लगाउन उत्साहित भएका हुन्'- भरतको भनाइ छ । हो पनि, सलल बगेर खेतैसम्म पुग्ने भएपछि चाँडै भरिन्छ, कृषकलाई पनि धेरैबेर कुर्नुपर्दैन । अर्कोको पालो पनि आइहाल्छ । जसले पानी लगाउँदा लाग्ने समयसमेत बचत गराएको छ ।

'धान, गहुँ, आलु र तरकारीहरू लगाइने यो फाँटमा पहिले धेरै ठाउँमा फुटबल र भलिबल खेल्ने ठाउँसमेत हुन्थे । अहिले सबै ठाउँ बालीले ढाकिएका कारण काम गर्दैगर्दा गाह्रो भएमा टुक्रुक्क बस्ने ठाउँ पाउन पनि मुस्किल छ', तन्जन साकी भन्छन्- 'मेरो पनि ४ पाथी खेत छ । समयमै सिँचाइ हुने भएकाले पहिले भन्दा बढी अनाज फल्न थालेकाले खुसी छु ।' पहिले पहिले कुलो लगाउनकै लागि रातभर जागा बस्नुपर्ने, सँधियारसँग झगडा गर्नुपर्ने, कुलोको पालो आउँदै गर्दा बिउ कि मरिसकेको कि त छिप्पिसकेको हुने जस्ता समस्या सम्झँदै तन्जन भन्छन्- अब ती सबै समस्या यही कुलोले बगाएर लग्यो ।

यस अर्थमा कुलो पुनर्निर्माणले गाउँमा सिँचाइकै कारण हुने झगडा र वैमनश्य पनि निर्मूल गऱ्यो । सँधियारबीच सद्भाव कायम गर्नसमेत सघाएको यो कुलोले करिब ३ सय रोपनी जमिनमा व्यवस्थिततवरले सिँचाइ हुने भरत बताउँछन् । करिब पौने ९ लाख रूपियाँको लागतमा पुनर्निर्माण भएको यो कुलोमा पीसविनले ६ लाख १८ हजार रूपियाँ उपलब्ध गराएको थियो । बाँकी स्थानीय कृषकले श्रमदान गरेका थिए । यसबाट करिब ७ सय घर लाभान्वित भएका तथ्याङ्क पनि भरतसँग छ ।

पीसविनसँग निर्माण समितिले १५० मिटर दूरीको कुलो पुनर्निर्माण गर्ने सम्झौता गरेको थियो तर बनाउने बेला १५ मिटर बढी अर्थात १६५ मिटर निर्माण गरियो । त्यसैगरी कुलोको उचाइ र चौडाइ पनि सम्झौतामा भनिएभन्दा बढी क्रमशः ४० र ३५ सेन्टिमिटर तयार गरियो । ताकि पानी बढी आओस् र बढीभन्दा बढी किसान लाभान्वित हुन सकून् । यसबाट पनि थाहा हुन्छ कि यहाँका किसान यो कुलो निर्माण गर्न कति हौसिएका थिए भन्ने ।

त्यतिमात्र हैन, पहिले पहिले आकाशे पानीको भर पर्नुपर्दा झन्झट मानेर अरूलाई अधियाँ गर्न दिने, मातेमा दिनेहरू पनि अहिले उक्त जग्गा फिर्ता लिएर आफैँ खेती गर्न हौसिएका दृश्य पनि सामान्य बनेका छन् । त्यसैगरी खेती बाँझो राखेर ज्याला/मजदूरीतर्फ लाग्न बाध्य भएकाहरू पनि खेतीपातीतर्फ नै फिर्ता भएका छन् । अझ मुख्य कुरो त धान, गहुँ, जौ आदि मात्र लगाउनेहरू अहिले पानी पाइन थालेपछि तरकारी र त्यसमा पनि बेमौसमी खेतीतर्फसमेत आकर्षित भइरहेका खबर पनि मुख मिठ्याउँदै सुनाउँछन् कुलो निर्माण समितिका अध्यक्ष भरत बिक ।

## एकदम सहज भो अहिले त

पहिले पूरै ज्युला सुक्खा थियो । कृषकहरू जमिन भएर पनि उत्पादन लिन नसक्दा वाक्कदिक्क थिए । अहिले कुलो नियमित चल्न थालेपछि भने सबै खुसी भएर बाली लगाउन थालेका छन् । कोही बाँझो राख्ने पक्षमा छैन । मेरो पनि यो कुलोले सिँचाइ हुने ठाउँमा १२ माना बिउ जाने खेत छ । त्यसैले बाली लगाउने जाँगर चलेको छ । सहज भएपछि कसले लगाउँदैन र ?

**जयराम रेग्मी**
कर्मचारी, साल्ट ट्रेडिङ कर्पोरेसन, कोल्टी





# नाङ्गो डाँडो बन्यो स्याउ बगैँचा

अमरराज बानियाँ

बरातु, खत्याड गाउँपालिका-३, मुगु

एक वर्षअघि मात्र बरातु गाउँको सिरानस्थित डाँडोमा पुगेको मानिस यतिबेला फेरि गयो भने अवश्य झुक्किन्छ– लौ म त अन्तै पो आइपुगेँ ? भनेर । नझुक्कियोस् पनि किन ? फुङ्ग उडेको, देख्दै विरक्त लाग्ने डाँडो अहिले स्याउका बिरूवाले ढाकिएको देखेपछि । त्यतिमात्र हो र ? तिनै स्याउका बिरूवालाई सिँचाइ गर्न डाँडोको माथिल्लो भागमा निर्माण गरिएको आकर्षक प्लास्टिक पोखरीले पनि जोकोहीलाई 'यो त्यही ठाउँ हो र ?' भनेर झुक्याउने हैसियत राख्छ ।

लमतमे फलफूल तथा तरकारी उत्पादक कृषक समूहलाई यही पौरखका कारण सबैले तारिफ गर्छन् यतिबेला । समूहका अध्यक्ष अमरराज बानियाँका अनुसार ३५८०० वर्ग मिटरको यो क्षेत्रफलमा स्याउका ३७० बिरूवा रोपिएका छन् । ३८ परिवार सदस्य रहेका यो समूहले खाली जमिनलाई उपयोग गर्ने उद्देश्यले स्याउका बिरूवा रोपेको उनले बताए ।

यहाँ रोपिएका बिरूवामध्ये आरआरडिसीले २ सय बोट दिएको र अरूचाहिँ केही कृषि कार्यालयबाट र केहीचाहिँ व्यक्तिगत सहयोगका रूपमा पनि प्राप्त भएको बानियाँ बताउँछन् । त्यसबाहेक आरआरडिसीले प्लास्टिक पोखरी निर्माण र ग्रिन हाउसका लागि पनि सहयोग गरेपछि यो नाङ्गो डाँडो स्याउ बगैँचामा परिणत हुन सकेको हो ।

त्यतिमात्र हैन, यही संस्थाको सहयोगमा स्याउ रोपेर बाँकी रहेको स्थान तथा स्याउको बीच बीच भागमा तरकारी लगाउने योजना पनि समूहको छ । बानियाँ भन्छन्– हामी एक टुक्रो जमिन पनि बाँझो नराख्ने अभियानमा छौँ । यसका लागि एकातिर तरकारीका बिउ तयार भइरहेका छन् भने अर्कोतिर जमिन खनजोत गर्ने काम पनि जारी छ ।

हुन त यही ठाउँमा २०६३ सालतिर पनि स्याउका बेर्ना रोपिएका थिए । जिल्लामा खाद्यान्नको चर्को अभाव भएका बेला आरआरडिसी, डब्लुएफपी, रेडक्रस जस्ता संस्थाले कामका लागि खाद्यान्न कार्यक्रमअन्तर्गत यी बेर्ना उपलब्ध गराएर रोप्न लगाएका थिए । यही क्रममा पूरै ऐलानी उक्त जमिन घेरेर पर्खाल पनि लगाइएको थियो । तर विडम्बना, समुदायले खासै ध्यान

नदिँदा ती स्याउ हुर्कन पाएनन् । गाईवस्तुले खाइदिए । अहिले एकाध बोट देखिन्छन्, त्यत्ति हो ।

'अब हामी त्यसो हुन दिँदैनौँ । सामूहिकरूपमा यहाँ स्याउ तथा तरकारी लगाउन खोज्नुको उद्देश्य सबैलाई जिम्मेवार बनाउन पनि हो', समूहका अध्यक्ष अमरराज भन्छन्- हामीले नववर्ष अर्थात २०७८ सालको वैशाख १ गतेदेखि समूहका प्रत्येक सदस्यलाई पालैपालो हेरचाहका लागि खटाउने प्रबन्ध मिलाइसकेका छौँ । यो हाम्रो हो, यसबाट आउने प्रतिफल पनि हाम्रै हो । आखिर हामीले संरक्षण नगरे कसले गर्छ ?

यतिबेला स्याउका वरिपरि रोप्ने उद्देश्यले नर्सरीमा तयार पारिँदै गरका टमाटर, लौका, भन्टा, घिरौँला, काँक्रो, करेला, फर्सी हुर्कँदै छन् । समुदायका मानिस आएर पालैसँग यी बिरूवामा पानी हाल्छन् । रोग लागे/नलागेको हेर्छन् । लागेमा औषधोपचार गर्छन् । झारपात देखे उखेल्छन् । केही सहयोग आवश्यक देखेमा समूहका अन्य सदस्यलाई बोलाउँछन् । यसरी अपनत्व विकास हुँदै गएको छ स्याउ बगैँचाप्रति । जुन निकै प्रशंसनीय छ ।

दुःखीहरूको गाउँ हो बरातु । ढुङ्गा/गेग्रिन मिश्रित माटो भएकाले खेतीपातीबाट उब्जनी राम्रो हुँदैन । गाउँमा आर्जनका अरू माध्यम छैनन् । मजदूरी गर्न जाने ठाउँ पनि नजिक छैन । त्यसैले स्थानीय उत्पादन मिलाएर तथा पुऱ्याएर खानु र र जे छ त्यसैमा रमाउनु यहाँका बासिन्दाको विवशता हो । यस्तो अवस्थामा भविष्यलाई समेत विचार गरेर स्याउ बगैँचा निर्माण गर्नु र त्यसका लागि आरआरडिसी जस्तो सहयोगी भेट्टाउनु बरातुका बासिन्दाका लागि ठूलो अवसर भएको धारणा राख्छन् समूहका अध्यक्ष अमरराज बानियाँ ।

यही समूहका उपाध्यक्ष रामबहादुर बानियाँ भन्छन्- कुनै आयस्रोत नभएको हामी जस्ता बासिन्दाका लागि तरकारी उपयोगका लागि र सानोतिनो गर्जो टार्नका लागि आयको स्रोत हुन सक्छ यो बगैँचा । त्यसैगरी स्याउ अबका केही वर्षपछि नियमित आम्दानी दिने आधार बन्न सक्छ । यो अवस्था सम्झँदा निकै राम्रो काम गरियो भन्ने लाग्छ । यसका लागि सहयोग गर्ने संस्था त धन्यवादको पात्र छँदैछ, साथै यो कार्यमा साथ दिने समूहका सबै सदस्य पनि उत्तिकै प्रशंसाका पात्र छन् । नत्र त यति ठूलो क्षेत्रफलमा यो कार्य कसरी सम्भव हुन्थ्यो र ?

## एकदमै खुसी छौँ हामी

हाम्रो गाउँ निकै दुर्गममा छ । त्यसैले यहाँ सरकारी सेवा/सुविधा प्राप्तिसमेत कठिन छ । सङ्घ/संस्था पनि कमै मात्र आइपुग्छन् । त्यसैले यहाँको यही कठिन जीवनचर्या बुझेर होला, आरआरडिसीले हामीलाई स्याउ र तरकारीका लागि जुनखाले सहयोग गरेको छ, त्यसबाट हामी निकै खुसी छौँ । अब उसले गरेको सहयोगअनुसार यसलाई संरक्षण गर्ने र सक्दो आम्दानी लिइ समुदायको जीविकोपार्जन सहज तुल्याउने जिम्मेवारी हाम्रो काँधमा छ । जसलाई जिम्मेवारपूर्वक बहन गर्न कम्मर कसेर लाग्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । नत्र त पहिलेकै हालत भइहाल्छ नि- बाछाको मुखमा न गाईको कल्चौँडामा भनेजस्तो ।

**पदमबहादुर बानियाँ**
सदस्य, लमतमे फलफूल तथा तरकारी उत्पादक कृषक समूह, खत्याड गापा-३, बरातु, मुगु



# जीविकोपार्जन



# हेर्दाहेर्दै प्रशिक्षक

**सगुने बिक**

शेरकाटिया, बूढीनन्दा नगरपालिका–७, बाजुरा

१५–१६ वर्षदेखि काम नै घर बनाउने हो सगुने बिकको । उनी गारो लगाउँछन् । यस अर्थमा डकर्मी हुन् । उनी काठको काम पनि गर्छन् । यस अर्थमा उनी सिकर्मी पनि हुन् । समग्रमा उनी घर निर्माणकर्मी भन्न रूचाउँछन् आफूलाई । र, उनको जीविका पनि यसैगरी चलिरहेको छ ।

हुन त पहिले पहिले घर निर्माणको काम धेरै हुँदैनथ्यो । त्यसैले जीविकाकै लागि उनी निर्माणका काम नभएका बेला भारत जान्थे मजदूरी गर्न । केही समय काम गर्थे । कमाइवरी ल्याएर परिवार पाल्थे । गाउँमै कसैले घर बनाइदिन भने बनाइदिन्थे, नभए पुनः फर्कन्थे उतै । तर अहिले समय फेरिएको छ । सगुने भन्छन्– प्रायः यहीँ काम भइरहन्छ । उता जानुपर्दैन । अब त उमेरका कारण पनि भारत गएर काम गर्न गाह्रो हुन्छ ।

अहिले पहिलेको तुलनामा काम पाइरहनु र भारत जान नपर्नुको मुख्य कारण एउटा छ उनीसँग– निर्माणमा निखारता आउनु अर्थात पूर्ण दक्ष निर्माणकर्मीमा परिणत हुनु । सोझो अर्थमा भन्दा उनी पहिले ढुङ्गा र माटोका घरमात्र बनाउँथे स्थानीय चलनअनुसारकै । हाल उनी पिलर सिस्टमका सिमेन्टेड घर पनि बनाउँछन् । पहिले सामान्य घरमात्र बनाउँथे । भूकम्प प्रतिरोधी भनेको कुन चराको नाउँ भन्ने पनि थाहा थिएन । अहिले भने उनी भूकम्प प्रतिरोधी घरमात्र बनाउँछन् । भन्छन्– न प्रतिरोधी त बनाउनै बिर्सिसकेँ ।

आफ्नो क्षमता यसरी बदलिन सक्नुको रहस्य यस्तो रहेछ उनको– पीसविनले दिएको २ दिने डकर्मी तालिममा सहभागी हुनु । जसले उनलाई सुरक्षित घर कसरी बनाउन सकिन्छ भन्नेबारे सिकायो । जुन तालिममा बसेपछि उनले हात्तीपाइले,

सिमेन्ट, डन्डी, वालको डिजाइन, पिलर बिमको साइज आदिबारे पूर्णरूपमा जानकारी हासिल गरे । पहिले आफूले यी सबै हचुवा भरमा गर्ने गरेको स्वीकार्दै उनी थप्छन्- घर असुरक्षित हुने विभिन्न कारणमध्ये यो पनि एउटा रहेछ भन्ने ज्ञान हासिल भएको छ तालिमपछि ।

कसैले जिम्मा दिए पूरै घर ठेक्कामा समेत बनाइदिने सगुने यस्तो काम नपाए अरूले ठेक्का लिएका वा घरवालाले खेतालाका रूपमा बोलाएका ठाउँमा पनि गएर काम गर्छन् । अहिलेसम्म २५-३० वटा घर बनाइसकेका उनी दैनिक ज्यालादारीमा जाँदा १२ सय रूपियाँ पारिश्रमिक पाउँछन् । जबकि तालिम नलिएका उनीजस्तै अरू डकर्मीले ८ सयदेखि १ हजार रूपियाँसम्म मात्र पाउँछन् । 'तर पनि अरूलाई कम दिनुभन्दा मलाई बढी दिन मन पराउँछन् काममा लगाउनेहरू'- उनी तालिमपछिको खुसी यसरी पनि व्यक्त गर्छन् ।

उनीसँगै तालिम लिनेमा ३० जना थिए । जब तालिम दिने इन्जिनियरले सगुनेलाई १ नम्बर घोषणा गरे तब उनको खुसीको सीमै रहेन । त्यसपछि त इन्जिनियरले छिमेकी गाउँपालिका हिमालीमा प्रशिक्षण दिन जाँदा सगुनेलाई सहायक प्रशिक्षक बनाएरसमेत लगे । हिमालीमा आफूले सिकाउँदा सिक्ने र देख्नेहरूले समेत प्रशंसा गरेपछि निकै खुसी लागेको अनुभव सबैसँग बाँडचुँड गर्न रमाउँछन् उनी ।

२ छोरा, १ छोरी र बूढाबूढीसहित ५ जनाको परिवार छ सगुनेको । खेतीले ३ महिना पनि खान पुग्दैन । तर पनि घर, ग्याबिन वाल आदि जस्ता निर्माणमा संलग्न भएबापत प्राप्त हुने आम्दानीबाटै छोराछोरीलाई राम्रो शिक्षा दिलाइरहेका छन् । खाने एकमात्र बाटो पनि यही भएकाले उनको जीविकोपार्जन सहज छैन तर पनि उनी हातमा सिप भएकाले हरेस खाने पक्षमा पनि देखिन्नन् । 'कर्म गर्नुपर्छ, फल प्राप्त भइहाल्छ नि' भन्ने मान्यतामा विश्वास राख्ने सगुने मेहनत र इमानदारीसाथ काम गरेमा कामको दुःख नहुने र पारिश्रमिक पनि तुलनात्मकरूपमा बढी नै पाइने धारणा राख्छन् ।

उनको एउटा ठूलो धोको छ यतिखेर- तालिम लिएपछि कुनै एक घर जगदेखि शिरसम्मै ठड्याएर देखाउने । जुन घर भूकम्प प्रतिरोधीमात्र हुने छैन, बिमदेखि वालसम्म चिटिक्क परेको हुनेछ । बालुवा, डण्डी र सिमेन्टको समिश्रण ठ्याक्कै मिलेको हुनेछ । देख्दै सुन्दर र बसौँ बसौँ लाग्ने हुनेछ । भन्छन्- मेरो यो सपना चाँडै पूरा हुनेछ । त्यसपछि आधुनिक घर बनाउन चाहनेले मलाई नै खोजी खोजी आउने वातावरण बन्नेछ ।

बाजुरा पनि अन्य शहर जस्तै आधुनिकीकरणतर्फ उन्मुख छ । नयाँ सिमेन्टेड घर बन्दैछन् । विकास निर्माणका कामले सुस्त नै किन नहोस् गति लिइरहेको छ । यस्तो बेलामा आफूलाई समयअनुसार अद्यावधिक गर्न सकिएन भने टिक्न नसकिने उनले राम्रैसँग बुझेका छन् । उनको अग्रसरता यसैका लागि हो भन्दा फरक पर्दैन ।

## फरक छन् सगुने

काम त सबै गर्ने तर आधुनिक प्रविधिबाट भने वञ्चित भएका कारण सुरूमा डकर्मी तालिम दिन हम्मेहम्मे पऱ्यो हामीलाई पनि । तर उनीहरू निकै इच्छुक देखिएकाले पछि सहज हुँदै गयो । त्यसमा पनि सगुने फरक रहेछन्- सिक्न उत्सुक पनि र चाँडै सिक्ने पनि । त्यसैले उनको यही फरक प्रतिभालाई कदर गर्दै प्रोत्साहन गरेको हुँ । सगुने जस्ता केही प्रतिभावान डकर्मी तयार पार्न सक्ने हो भने जिल्लाका विकास निर्माणमा अन्यत्र जिल्लाबाट बढी पैसा तिरेर ल्याउनुपर्ने अवस्था अन्त्य हुनेछ ।

**दीपकराज भट्ट**
सगुनेलाई डकर्मी तालिम दिने र सहायक प्रशिक्षक बनाउने इन्जिनियर





# धोको रैथाने बाली प्रवर्द्धनको

विष्णु जैसी
कोल्टी, बूढीनन्दा नगरपालिका-२, बाजुरा

सानैमा आमा-बा नै बिते । आफैँलाई हेरचाह आवश्यक पर्ने बेलामा भाइको समेत हेरचाह गर्नुपर्ने अवस्था सिर्जना भयो । बाबुको सम्पत्तिको नाममा मात्र १ पाथी खेत थियो । त्यसैलाई ओल्टाइपल्टाइ जीउनुको विकल्प थिएन विष्णु जैसीसित । राम्रो लाउन र पेटभर खान पाउनु पनि उनका लागि सधैँ रहरको विषय बन्दै गयो ।

प्रधानाध्यापक ज्ञानेन्द्रबहादुर सिंहको घरमा काम गर्दै पढे । समयक्रमसँगै बिहे गरे । छोराछोरी भए । परिवार पाल्न कठिन हुँदै गयो । त्यसपछि पीसविनमा स्वयंसेवक काम गर्ने अवसर पाए । पछि यही संस्थाबाट सामाजिक परिचालक बनेर गोत्री भन्ने ठाउँमा खटिए । जहाँ पुग्नै एकदिन लाग्थ्यो कोल्टीबाट ।

सुन्दै पनि कहालीलाग्दो पृष्ठभूमि भएका विष्णु संस्थाको सामान्य जागिरबाट जीविका नचल्ने देखेपछि ‘केही गर्नैपर्ने’ सोचसहित जागिरबाट अलग्गिए । यसरी अलग्गिँदा उनीसँग सञ्चय कोषबापत जम्मा भएको ३ लाख ३२ हजार रूपियाँ हात पर्‍यो । कुनै पनि उद्यम गर्नका लागि यो रकम पर्याप्त थिएन तर खाने मुखलाई जुँगाले के छेक्थ्यो र ? उनले कुटानी पिसानी मिल सुरू गरे यही रकमको आडमा ।

कुरो धेरैअघिको हैन, २ वर्षअघि मात्र सुरू गरेको उद्यममा विपत्ति आइलाग्यो । राम्रोसँग आम्दानी हुँदै गरेको मिल २०७७ भदौको बाढीले बगाइदियो । धुपे खोला मिलसँगै उनको जीवनभरको पसिना र आगामी सपनासमेत बगायो । त्यसपछि कम्ता तिल्मिलाएनन् उनी । के गरौँ, कसो गरौँ- छटपटी भयो । धेरैतिर महिनौँ धाउँदा पनि बल्लबल्ल जिल्ला प्रशासनले १० हजार रूपियाँ थमायो क्षतिपूर्ति भनेर ।

आर्थिकरूपमा हरितन्नम् भएका विष्णु १० हजार रूपियाँले केही गर्न सक्ने अवस्थामा थिएनन् । न घरबाट फिक्ने कुनै हैसियत नै थियो । ऋण पनि पहिले नै लिइसकेकाले थप्ने आँट पनि गर्न सकेका थिएनन् । त्यसैले रनभुल्लमै बिते उनका केही महिना ।

यसरी भौतारिने क्रममा आफूले पहिला काम गरेको पीसविनलाई सम्झे उनले । त्यहाँ गएर सबै दुःख बेसाएपछि पीसविनले सहयोग गर्ने वचन दियो । आनिबानी सबै थाहा पाएको, इमानदारितामा कुनै शङ्का नभएको तथा व्यक्तिगत मात्र नभई सिङ्गो जिल्लाकै बाली प्रवर्द्धन गर्ने उनको योजनाले पीसविनका कर्मचारीको मन जित्यो । नभन्दै उनले यो संस्थाबाट ३ लाख ३६ हजार रूपियाँ सहयोग पाउने भएपछि पुनः मिल खोल्न हौसिए । 'आखिर दुःखमा काम लाग्ने त आफ्नै न हुन्'– पीसविनको सहयोगप्रति आभार व्यक्त गर्छन् उनी ।

यो सहयोगले मात्र मिल सञ्चालन सम्भव थिएन । तर उनलाई मिल चलाउन ढाडस दिने मुख्य काम भने यही सहयोगले गऱ्यो । त्यसपछि विष्णुले आफूआबद्ध विभिन्न सहकारी, र समूहहरूबाट ऋण लिए । र, करिब साँढे ११ लाख आफूले हालेर मिल सञ्चालनमा ल्याए । अहिले बूढीनन्दा कुटानी, पिसानी, पेलानी तथा मसला उद्योग नाम गरेको उनको मिलले धान, गहुँ, मकै त पिँध्छ नै, साथै तेल पनि निकाल्छ । आफूले पीसविनको सहयोग चामल, पिठो



## मैले पनि पाएँ सहयोग

मेहनतअनुसार उत्पादन नै नहुने भएकाले हामी खेतीपातीबाट निराश थियौँ । यसको कारण बुझ्दै जाने क्रममा थाहा भयो कि एउटा कारण काँचो मल प्रयोग पनि रहेछ । त्यसपछि हामीलाई आरआरडिसीले मल पकाएर मात्र प्रयोग गर्न सिकाएको छ भने पकाउने प्रक्रियाका लागि जस्ता, किला जस्ता सामग्रीसमेत सहयोग गरेको छ । मैले सिकेर पहिलोपटक खाडलमा मल पकाउन थालेपछि अहिले यो गाउँका २२ घरले पनि त्यसै गर्न थालेका छन् ।

**कर्णबहादुर डागर (पूर्ण अपाङ्गता भएका व्यक्ति)**
डुङ्ग्री, खत्याड गाउँपालिका-७, मुगु

पिँध्ने मेसिन तथा यसका लागि आवश्यक सापट, पुली, जेनेरेटर जस्ता मेसिनरी खरिदमा लगाएको र आफ्नो लगानीचाहिँ भवन तथा व्यवस्थापकीय खर्चमा हालेको उनको भनाइ छ ।

उनको मिलले वरपरका बासिन्दाको समय त बचत गराएकै छ, साथै अलि टाढाको काल्सेन, अनि कोल्टी बजारका मानिसको समेत ध्यान तान्न सकेको छ । तोरी पेल्न त १०-१२ किलोमिटर परका मानिससमेत आउने उनी बताउँछन् । भन्छन्– महिनाको २४ हजार जति आम्दानी हुन्छ, त्यसमा ११ हजार जति डिजेलमा लाग्छ । अरू फाइदा हो । महिनाको १८ हजार रूपियाँ त ब्याज मात्र तिर्ने विष्णु उत्तिकै आशावादी छन् । उनलाई राम्रोसँग थाहा छ कि उनको लगानी स्थानीय बासिन्दाको अनाज पिँधेर मात्र उठ्दैन । जिल्लाका ३२ यस्ता मिलमध्ये आफ्नो मात्र एकाधिकार नचल्ने पनि उनलाई राम्रैसँग थाहा छ तर पनि विष्णु निराश छैनन् । किनकि उनीसँग एउटा फरक दृष्टिकोण छ, पृथक योजना छ । जसले उनलाई हौस्याइरहेको छ निरन्तर अघि बढ्न ।

'मेरो उद्देश्य स्थानीय बासिन्दालाई कुटानी पिसानीमा सहजता सिर्जना गराउनु एउटा हो भने अझ मुख्य उद्देश्यचाहिँ जिल्लामै खेती हुने रैथाने बाली उवा, फापर आदि ब्रान्डिङ गरेर मार्केटिङ गर्ने हो । यस क्रममा मैले सर्वोत्तम पीठो बनाएर त्यसलाई बाहिरी जिल्लामा निर्यात गर्ने प्रक्रियासमेत सुरू गरिसकेको छु', उनले थपे- नयाँ काम गर्ने इच्छा भएकै कारण मैले पुराना कुरा बिर्सिएर नयाँ उद्यम सुरू गरेको हुँ । जसका लागि पीसविनको ठूलो हात छ ।



# जहाँका गुराँस अब खेर जाँदैनन्

बिर्खबहादुर बूढथापा
माझचौर, खत्याड गाउँपालिका-६, मुगु

## थोरै कुरा लाली गुराँसको

लाली गुराँस नेपालको राष्ट्रिय फूल हो । नेपालमा समुद्री सतहको १३ सयदेखि २५ सय मिटरको उचाइ हाराहारीमा गुराँस फुल्छ । वनस्पति विज्ञहरूका अनुसार नेपालको करिब ६ लाख ९२ हजार हेक्टरको मिश्रित जङ्गलमा गुराँस फुल्छ । ३१ प्रजातिका गुराँस नेपालमा पाइएको छ जबकि संसारभर गुराँस प्रजातिका फूल १ हजार १ सय ५७ प्रकारका फेला परेका छन् ।

## प्रसङ्ग खत्याडको

खत्याड गाउँपालिका पहाडै पहाडले घेरिएर पहाडमै अवस्थित छ । यहाँका सबैजसो डाँडा/पाखा समुद्री सतहदेखि १३ सय मिटर भन्दा बढी उचाइकै छन् । सोझो अर्थमा भन्दा यी सबै डाँडा गुराँसको सिजनमा राताम्मे हुन्छन् । जसलाई स्थानीयले हेरेर रमाउने र अपवादका रूपमा मात्र माला बनाउने वा मनोरञ्जनका लागि प्रयोग गर्दै आएका छन् । यसरी हेर्दा लाखौंको सङ्ख्यामा फुल्ने गुराँसको सदुपयोग हुन सकेको छैन ।

## खुसीको कुरा

'अब खत्याडको र त्यसमा पनि माझचौर वरपरका डाँडा/जङ्गलमा फुल्ने गुराँस खेर जाने दिन गए । अब हामी यसलाई भरपुर उपयोग गर्नेछौँ'- बिर्खबहादुर बुढथापाले सुनाए । बिर्खबहादुर तिनै व्यक्ति हुन् जसलाई रेडपाण्डा कृषि सहकारी संस्था लिमिटेडले गुराँसबाट जुस बनाउने कामको एकल जिम्मेवारी सुम्पेको छ ।

'हामीले जङ्गलका गुराँस सङ्कलन गरेर त्यसबाट जुस बनाउने र बिक्री गरेर आय आर्जन गर्ने काम थालिसक्यौँ । अब गुराँस फुल्ने प्रत्येक मौसममा थप जुस उत्पादन गर्ने योजना बनाएर अघि बढेका छौँ', बिर्खबहादुरले सुनाए- पहिलो वर्ष नै यो कामबाट हामीलाई निकै हौसला मिलेको छ । गर्न सकिए हुँदोरहेछ भन्ने परेको छ ।

## कहाँबाट आयो जुक्ति ?

वर्षौंसम्म गुराँस त्यत्तिकै हेर्ने मात्र विषय बनिरहँदा अहिले आएर एक्कासि यसबाट जुस बनाउने जुक्तिचाहिँ आयो कहाँबाट ? तिनै बिर्खबहादुर भन्छन्- हो, हामी यसबारे अनविज्ञ थियौँ । जब हामीलाई आरआरडिसीले गुराँसको जुस बनाउन सुझायो, त्यसपछि कसरी बनाउने भनेर तालिम पनि दियो । तालिमपश्चात यसका लागि आवश्यक पर्ने मेसिनहरू पनि किनिदयो । त्यतिमात्र हैन, पानी राख्ने ट्र्याङ्की र मेसिन चलाउन जेनेरेटर पनि किनिदियो । त्यसपछि हामीले जुस बनाउन थालेका हौँ ।

## सहयोग समूहलाई

यहाँसम्म पढ्दा धेरैलाई लाग्छ सक्छ- आरआरडिसीले प्रयोगहीन गुराँसबाट जुस निकाल्ने प्रयोजनका लागि बिर्खबहादुर एक जनालाई सहयोग गरेछ । वास्तविकता त्यस्तो हैन । उसले स्थानीय रेडपाण्डा कृषि सहकारी संस्था लिमिटेडलाई सहयोग गरेको हो । जसमा ४५ सदस्य छन् । यिनै सदस्यहरूले सामूहिक निर्णय गरेर जिम्मेवारी मात्र दिएका हुन् बिर्खबहादुरलाई । जसले सहकारीलाई वार्षिक १५ हजार रूपियाँ तिर्छन् । 'यो पहिलो वर्ष हो, आम्दानी बढ्दै गएपछि सहकारीलाई बुझाउने रकम पनि वृद्धि गर्दै जाने कुरा छ'- उनले सुनाए ।

## उत्पादनको अवस्था

बिटी जुस एन्ड फुड प्रडक्सन उद्योगका नाममा दर्ता भएको यो कम्पनीले ७५० मिलिलिटर जाने बोतलको जुस २५० रूपियाँ र ३०० मिलिलिटर जाने बोतलको जुसचाहिँ सय रूपियाँमा बेच्ने गरेको छ । अहिलेलाई बोतल पनि आरआरडिसीले नै उपलब्ध गराएकाले उत्पादन बाहिर ल्याउन सहज भएको छ । उत्पादन बढेपछि ब्रान्डिङ गरेर जिल्लाबाहिर पनि पठाउने योजना सहकारीको छ ।



### सहयोगको प्रभाव देखिएको छ

आरआरडिसीले हाम्रा गाउँहरूमा गरेको सहयोगको प्रभाव राम्रो देखिन थालेको छ । यसरी सहयोग गर्दा स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्दा उद्देश्य हात पार्न सहज हुन्छ । यस्ता सहयोग स्थानीयको आर्जनसँग जोडिन सक्यो भने त्यसले सबैको मन पनि जित्छ । त्यसैले सहयोगलाई आवश्यकतामा आधारित बनाउनुपर्छ भने धेरै मानिससँग जोड्ने गरी उपलब्ध गराउनुपर्छ ।

**भरतबहादुर शाही**
वडा अध्यक्ष, वडा नं. ६, खत्याड गाउँपालिका, मुगु

## स्थानीयलाई फाइदा

'आरआरडिसीले गुराँसको जुस बनाउन सहयोग उपलब्ध गरायो । सहकारीका केही व्यक्तिलाई फाइदा हुने भयो । अरूलाई के फाइदा ?'- यस्तो प्रतिक्रिया दिनेहरू पनि भेटिन्छन् माझचौरमा । तर जब गुराँसको मौसम सुरु भएर जुस निकाल्ने अवस्था आउँछ, त्यो प्रतिक्रिया आफैँ फिक्का भएर बिलाउँछन् । कारण- गुराँस जङ्गलमा, त्यो पनि निकै उचाइमा फुल्ने फूल हो । त्यसैले यो नटिपिकन र सजिलै उद्योगसम्म आइपुग्दैन । त्यसका लागि मानिस टिप्न जानुपर्छ । यसरी टिप्न गएर गुराँस ल्याउनेलाई प्रतिबोरा ५ सय रूपियाँका दरले उपलब्ध गराउँछ उद्योगले । यसपटक पनि धेरैले गुराँस टिपेर केही भए पनि पैसा कमाए ।

एक बोरा गुराँसबाट करिब १५ लिटर जुस बन्ने हिसाबकिताब सुनाउँछन् बिर्खबहादुर । फूल भने टिप्नेले नै धोइवरी सफा पारेर दिनुपर्ने नियम छ । 'जङ्गलमा त्यत्तिकै रहेको फूल टिपेर ल्याइ उद्योगमा बुझाएपछि पैसा पाउनु भनेको आर्जनको एउटा राम्रो उपाय हो, यो अवसरलाई धेरैले उपयोग गरे', बिर्खबहादुर भन्छन्- आगामी मौसममा हामीले यसबारे प्रचारप्रसार नै गर्ने सोच बनाएका छौँ ताकि धेरै भन्दा धेरै मानिस गुराँसको फूल सङ्कलन गर्ने कार्यमा सहभागी होउन् । एकातिर फुर्सदिलो समयको सदुपयोग अर्कोतिर थोरैतिनो नै किन नहोस्, घरमै आम्दानी हुने । अझ कतिपय ठाउँमा त सानो उमेरका बालबालिकाले समेत टिप्न सक्ने भएकाले आम्दानीमा सघाएको देखिन्छ ।

# स्वास्थ्य / पोषण



# गैरदलितकी समेत प्रिय

विष्णुकला बिक

सिराडी, बूढीनन्दा नगरपालिका-३, बाजुरा

**पहिलो दृश्य :** दलित समुदायका व्यक्ति आएको देखेपछि छोइएला वा बोल्नुपर्ला भनेर गैरदलित समुदायका व्यक्ति वरैबाट सतर्क हुन्छन् । र, टाढिन खोज्छन् ।

**दोस्रो दृश्य :** दलित समुदायकै हुन् तर उनीसँग भेट्न पाए २-४ कुरा सोध्न पाइन्थ्यो, केही सहयोग/सल्लाह दिन्थिन् कि भनेर नजिक हुन चाहन्छन् तिनै मानिस । केहीछिन नहिँडिदिए हुन्थ्यो, कुरा गरिरहन पाए हुने भन्ने मनसाय राख्छन् ।

खास गरी मध्य र सुदूरपश्चिममा अहिले पनि पहिलो दृश्यको बोलवाला छ । जसलाई न्यूनीकरण गर्न सरकारी तथा गैरसरकारी निकायहरूमार्फत जनचेतनाका कार्यक्रम थुप्रै सञ्चालन भइरहेका छन् । तर विष्णुकला बिक ती भाग्यमानी महिलामा पर्छिन् जसलाई पहिलो दृश्यको पीडा अनुभूत गर्नुपरेको छैन । उनी दोस्रो दृश्य उपयोग गर्न पाउने सीमित दलित समुदायको भाग्यमानी प्रतिनिधि पात्रमा पर्छिन् ।

त्यतिमात्र हैन, उनलाई गैरदलितले आफ्नो घरमा हुने शुभकार्यहरूमा समेत निम्त्याउँछन् । यो गाउँकी एक्ली दलित महिला हुन् उनी जसलाई यसरी गैरदलितले ससम्मान निम्त्याउँछन् जबकि यही समुदायका अरूलाई भने अनिवार्य ठानिएको भूमिकाबाहेक शुभकार्यमा उपस्थिति वर्जित छ ।

गाउँभर दलित समुदायको मात्र नभएर गैरदलित समुदायकी समेत प्रिय हुन सफल हुनुको रहस्य के हो त उनको ? 'मैले स्वास्थ्य स्वयंसेविकाको भूमिका राम्रोसँग निर्वाह गरेकीले होला, शायद'- यस्तो छ उनको प्रष्टीकरण । हो पनि, आफ्नो वडाको सिराडी, डाँडाबाडा, मेलडुस्को, जैलु र धुलखेल्नाका गरेर करिब २ सय ९० परिवारलाई स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याइरहेकी छिन् उनले । जसले उनलाई सबैको 'अनिवार्य आवश्यकता' बनाएको छ ।

कुनै महिला गर्भवती हुनै हुँदैन, कसैलाई विसञ्चो भएको सुन्नै हुँदैन, पिछा गरिहाल्ने बानी छ उनको । आफूले सकेको सहयोग गर्छिन्

र स्वास्थ्य निकायमा गइहाल्न सुझाउँछिन् । लक्षणका आधारमा सम्भावित समस्या बताइदिन्छिन् र सहेर नबस्न हौस्याउँछिन् । उनको यही बानी सबैले मन पराउने मुख्य कारण हो ।

कोही गर्भवतीलाई सुत्केरी गराउन वा बीचैमा केही समस्या आएर स्वास्थ्य निकाय लानुपर्‍यो भने पनि विष्णुकलालाई छाड्दैनन् गाउँले । बीचैमा केही भइहाल्यो भने सहयोग गर्छिन् भनेरमात्र हैन, त्यहाँ पुगेपछि चाल्नुपर्ने प्रक्रिया र थप हेरचाह हुन्छ भनेर पनि उनलाई सँगै लैजान्छन् सबैले । 'उहाँहरूले जाउँ भनेर अनुरोध गर्नुहुन्छ, म पनि आफ्नो कारण सहयोग पुग्छ भने के भो त भनेर गइदिन्छु', उनले थपिन्- तर यसरी गएबापत मैले आजसम्म कुनै पारिश्रमिक र कुनै उपहार लिएकी छैन ।



उनको यो निस्वार्थ सेवाभाव गाउँलेले उनलाई मान गर्ने अर्को महत्वपूर्ण कारण हो । जसलाई आफ्नो मुख्य सम्पत्ति ठान्छिन् विष्णुकला । कामविशेषले प्रायः सबैको घरमा पुगेकी उनी यही कारणले पनि आफूमाथि खासै छुवाछूत व्यवहार नभएको बताउँछिन् । भन्छिन्- कर्म राम्रो गर्नुपर्छ । भेदभावलगायत अरूले गर्ने नराम्रो व्यवहार स्वतः गौण हुन पुग्छ ।

प्राथमिक स्वास्थ्यसम्बन्धी धेरै जानकारी छ उनलाई । हुन त १३ वर्षदेखि स्वयंसेविकाको भूमिकामा रहेकी उनलाई यसै पनि जानकारी हुने भइहाल्यो । त्यसमाथि अहिले भने आफू

## अचम्मकै छिन् दिदी त !

विष्णुकला दिदी गाउँ डुलिरहनुहुन्छ । आएका बेला गाउँमा कसैको महिनावारी रोकिएको छ कि भनेर सोध्नुहुन्छ । कुनै बच्चा कुपोषित भए/नभएको बुझ्नुहुन्छ । अनि को बिरामी स्वास्थ्य चौकी गए/नगएको, औषधि खाए/नखाएको जानकारी पनि लिनुहुन्छ । यदि कसैले केही समस्या परेर औषधि नखाएको, स्वास्थ्य चौकी नगएको जानकारी पाएमा त्यहीँ पुगेर सम्झाउनुहुन्छ ।

मेरा पनि ३ छोराछोरी छन् । पहिलो सन्तान त घरमै जन्माएँ तर पछिल्ला दुईवटा भने स्वास्थ्य चौकीमै गएर जन्माएकी हुँ । अब त यो गाउँमा घरमा बच्चा जन्माउँछु भने पनि पाइन्न, दिदीले मारिहाल्छिन् नि ।

**धनसा चोदारा**
सिराडी

यससम्बन्धी झन् बढी ज्ञान हासिल गर्न सक्षम भएको उनको दाबी छ । अहिले आएर कसरी थप ज्ञान हासिल भयो त ? प्रश्न खस्न नपाउँदै भन्छिन्- 'पीसविनले स्वास्थ्य स्वयंसेविकालाई पोषणसम्बन्धी तालिम दिएको थियो । त्यसमा सहभागी भएपछि धेरै नयाँ कुरा थाहा पाइयो भने बिर्सिसकेका कुरा पनि पुनः स्मरण भयो । यसले काम गर्न धेरै सहज भएको छ ।' तालिममात्र हैन, त्यसपछि स्वयंसेविकालाई उपलब्ध गराइएको छाता, झोला, फ्लिप चार्ट आदिले पनि उनलाई कार्यक्षेत्र पुग्न र लक्षित समुदायलाई सम्झाइबुझाइ गर्न सहज भएको छ रे ।

तालिमअघिकी विष्णुकला र तालिम तथा विविध सामग्री प्राप्तिपछिकी विष्णुकलामा के फरक छ त ? हामीले जान्न चाहेको यो जिज्ञासामा उनको उत्तर यस्तो रह्यो- पहिले हामी गर्भवती र सुत्केरी महिलाका सवालमा मात्र केन्द्रित रहन्थ्यौँ । त्यसबाहेक गाउँघर क्लिनिकमा संलग्न रहन्थ्यौँ । अहिले भने हामी बच्चालाई कुपोषण भए/नभएकोमा बढी ध्यान दिन्छौँ । भएको भए उपचार गर्न सुझाउँछौँ ।

उनले गर्ने काम यतिमा सीमित छैन । आमा समूहको बैठक राख्ने, रातो र पहेँलो कार्ड प्राप्तिपछि गर्नुपर्ने काम सम्झाउने, हरियो सागपात, पहेँलो फलफूल आदिको महत्व दर्शाउने पनि गर्छिन् । त्यसमाथि तालिमपछि थपिएको उनको अर्को काम भनेको सुत्केरी आमाहरूलाई जाउलो बनाउन र हात धुन सिकाउने पनि हो ।



# प्रभावकारी बन्दै पोषण कार्यक्रम

सागरा बोहरा

गोठी, बूढीनन्दा नगरपालिका-८, बाजुरा

जेठी छोरी ९ वर्षकी भइन् । अनि कान्छी ६ वर्षकी । यी दुवै छोरी हुर्काउँदा सागराले कुनै नियम पालना गरिनन् । किनकि बालबच्चालाई दूध चुसाउने, लिटो/जाउलो बनाउँदा मात्रा मिलाएर बनाउनुपर्छ भन्ने जानकारी नै थिएन । घरका अगुवाले जे भन्छन् वा आफूले जे जानिएको छ, त्यस्तै खाएर हुर्के दुवै छोरी ।

अहिले १५ महिना पुगेको छोराको हकमा भने त्यो छाडापन लागु हुँदैन । पाइला पाइलामा नियम लागु हुन्छ । सागरा भन्छिन्- मैले ६ महिनासम्म आफ्नो दूध मात्र चुसाएँ । दूध पनि जसरी मन लाग्यो त्यसरी नै चुसाउन कहाँ पाइयो र ? बाबु काखमा राखेर खुट्टा पछाडिपट्टि पार्दा आमा/बच्चा दुवैलाई सजिलो हुने रहेछ । हात उसकै जीउमाथि राख्नुपर्ने रहेछ । आमाले छोरालाई र छोराले आमालाई हेरी हेरी दूध चुसाएमा प्रेम प्रगाढ हुने रहेछ । दूधको मुन्टोको कालो भाग पूरै बच्चाको मुखभित्र हाल्नुपर्ने रहेछ । अनि बच्चाको मुन्टो फर्काउनुपर्ने रहेछ ।

दूध चुसाउने यति धेरै तरिका भए पनि उनलाई थाहा हुन थालेकोचाहिँ यही छोराको पालादेखि रहेछ । त्यसैले आफ्ना छोरीहरू हुर्किएका क्षण सम्झँदै उनी हाँस्छिन् र थप्छिन्- खासमा यिनीहरू त ख्याल-ख्यालमै हुर्के ।

त्यसपछि बल्ल जाउलो/लिटो खुवाउन थालेकी हुन् उनले । पहिले पहिले आफ्नै हिसाबले जाउलो/लिटो बनाउने उनी यसका पनि थुप्रै नियम थाहा पाएपछि पहिला बनाएको सम्झँदा हाँसो उठ्छ रे । भन्छिन्- कहाँ मात्रा मिलाउनु, कहाँ सागपात र अण्डा हाल्नु ? दाल हाल्यो, चामल हाल्यो, भए घिउ हाल्यो, नत्र त्यत्तिकै पकायो, बच्चालाई खुवायो बस् । अहिले भने उनी बच्चाको उमेरअनुसार उसलाई आवश्यक पर्ने पौष्टिक तत्वको हिसाब गरेर जाउलो बनाउने गर्छिन् ।



२ छोरी हुर्केपछि कसरी आयो त सागरालाई यो बुद्धि ? उनको उत्तर छ– 'जब हाम्रो प्रगति स्वास्थ्य आमा समूहका सदस्यलाई पीसविनका कर्मचारी र स्वास्थ्य स्वयंसेविकाले पोषणसम्बन्धी जानकारी नियमित दिन थाले, त्यसपछि हामीले यी जानकारी हासिल गर्न सकेका हौं ।' प्रत्येक महिना आयोजना हुने यस्तो जानकारीमूलक कार्यक्रममा दूध चुसाउन लगाएर वा लिटो/जाउलो पकाउन लगाएरै प्रदर्शन गरिने हुनाले पनि जानकारी दिने कार्यक्रम प्रभावकारी हुन सकेको भनाइ उनको छ ।

उनले यस्तो कार्यक्रमबाट जानेका कुरा यतिमा सीमित छैन । बच्चा जन्मेको १ घण्टाभित्रै स्तनपान गराउनुपर्ने, बच्चालाई कम्तीमा २ वर्षको उमेरसम्म वा अझ लामो समयसम्म स्तनपान निरन्तर गराइरहनुपर्ने तथा स्तनपानका साथै थप खाना दिनुपर्ने पनि थाहा पाइन् उनले । भन्छिन्– मैले यिनै नियम पालना गरिरहेकाले मेरो बाबु निकै स्वस्थ छ भने हृष्टपुष्ट पनि देखिन्छ ।

सागरा र उनको समूहका आमाहरूले बच्चाको उचित शारीरिक र मानसिक वृद्धिका लागि ६ महिनादेखि ९ महिनासम्म प्रतिदिन ३ पटक खाना खुवाउनुपर्ने, ९ महिनादेखि १२ महिनासम्म प्रतिदिन ३ पटक खाना र १ पटक खाजा खुवाउनुपर्ने तथा १२ महिनादेखि २४ महिनासम्म ३ पटक खाना र २ पटक खाजा खुवाउनुपर्ने जानकारी पनि हासिल गरेका छन् । त्यतिमात्र हैन, बच्चा २४ महिना पुगेपछि बिस्तारै पुरक खानाको मात्रा घटाउँदै लैजाने र परिवारको खाना खुवाउनुपर्ने नियम पनि उनीहरूले थाहा पाएका छन् ।

## निकै प्रभावकारी छ पोषण कार्यक्रम

जब पीसविनले हामी स्वास्थ्य स्वयंसेविकालाई पोषणसम्बन्धी तालिम दियो, त्यसपछि पीसविनका कर्मचारी र हामी मिलेर आमा समूहहरूमा जानकारी दिने कार्यक्रम सञ्चालन गर्‍यौं । जसबाट समूहका आमामात्र हैन, हामी पनि धेरै लाभान्वित हुन सकेका छौं । खासगरी भर्खर आमा बनेकाहरूका लागि यो कार्यक्रम निकै प्रभावकारी बन्न सकेको छ ।

**रमिला शाही**
स्वास्थ्य स्वयंसेविका, गोठी

पीसविनका कर्मचारी र यही संस्थाद्वारा प्रशिक्षित स्वास्थ्य स्वयंसेविकाद्वारा दिइने जानकारीमा खाना राम्रो हुनका लागि त्यसमा चामल, गहुँ, दाल, जौ, मकै, सागसब्जी र रातो वा पहेँलो फलफूल हुन जरूरी भएको बताइन्छ । सागरा भन्छिन्– घरमा अन्नमात्र छ भने त्यसमा थोरै घिउ वा तेल मिसाएर त्यसलाई बाक्लो गर्दा त्यो पनि उपयोगी भन्ने सिकाइएकाले कहिलेकाहीँ हामी यसो पनि गर्छौं ।

पोषण स्वास्थ्यसँग सम्बन्धित हुने भएकाले यस्तो कार्यक्रममा खानुअघि वा बाहिरबाट आएपछि हात धुने तरिका पनि सिकाइन्छ । सागराका अनुसार यस्ता कार्यक्रममा सिकाइएअनुसार साबुन वा सेनिटाइजरले हात सफा गर्नुपर्छ । हात धुँदा दाहिने हत्केलाले देब्रे हातको माथिल्लो भाग मिच्ने र देब्रे हत्केलाले दाहिने हातको माथिल्लो भाग मिच्नुपर्छ । त्यसैगरी हत्केलाले बूढी औंला समातेर मिच्नुपर्छ ।

सागरा आफूमात्र यसरी हात धुन्नन् । नजानेका अरूलाई पनि सिकाउँछिन् अहिले । जसअनुसार उनी अरूलाई हात धुँदा हत्केलाले मिच्न, औंलाले पछाडिको भागमा अर्को हातको हत्केला भित्र हाली मिच्न, औंलाको टुप्पोले दाहिने र देब्रे हत्केलाको बीच भागमा पारी मिच्न तथा दुबै हातका नाडीमा पालैपालो मिच्न पनि सिकाउँछिन् ।

कुन कुन अवस्थामा हात धुनुपर्छ त ? यस्तो जिज्ञासा राख्नेलाई दिने उत्तर पनि हाजिर छ उनीसँग– घरपालुवा जनावरसँग खेलेपछि, चर्पी प्रयोग गरेपछि वा बच्चाको दिसा सफा गरेपछि, हाच्छिउँ आएपछि, नाक चलाएपछि र खोकी आएपछि, घाउ/चोट लागेपछि, बाहिर खेलेपछि वा बाहिर गएर आएपछि तथा खाना पकाउनुअघि, बच्चालाई खाना खुवाउनुअघि, खानुअघि र खाइसकेपछि पनि ।



# एउटा अब्बल स्वास्थ्य चौकी

डा. राजुराज जैसी
प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी, बूढीनन्दा नगरपालिका, बाजुरा

बाजुराको सदरमुकाम मार्तडीमा जिल्ला अस्पताल छ तर त्यहाँको इमर्जेन्सीमा बिरामी जाँच्नका लागि पर्याप्त बेड छैनन् । भएका पनि पुराना छन् । त्यतिमात्र हैन, बिरामी कुरुवाले आफ्ना लागि आफैँ बस्ने व्यवस्था गर्नुपर्छ । अर्थात कुरुवाका लागि छैनन् बेड । त्यसैले बिरामी मात्र हैन, उनीहरूका कुरुवा पनि सधैँ यस्तो समस्याबाट सताइँदै आएका देखिन्छन् ।

तर यही मार्तडीबाट गाडीमा करिब ४ घण्टा लाग्ने कोल्टी प्राथमिक स्वास्थ्य चौकीको अवस्था भने फरक छ । यहाँ इमर्जेन्सीमा धेरै बिरामी एकैपटक राखेर जाँच्न सकिने प्रबन्ध छ । अर्थात बेड खाली नभएका कारण कोही बाहिरै तड्पिनुपर्ने अवस्था छैन । अनि बिरामी कुरुवाले कहाँ बसौँ, केमा सुतौँ भनेर चिन्ता लिनुपर्ने अवस्था पनि छैन । अस्पतालमा सबैजसो कुरुवालाई पुग्ने बेड उपलब्ध छन् । त्यो पनि अत्याधुनिक । आवश्यक परे सुत्न पनि मिल्ने । नभए फोल्डिङ गरेर बस्ने मात्र बनाउन पनि सकिने ।

यो चौकीका प्रमुख डा. राजुराज जैसी भन्छन्– यस अर्थमा हाम्रो स्वास्थ्य केन्द्र जिल्ला अस्पतालको तुलनामा अब्बल छ । जसले एकातिर सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज तुल्याएको छ भने बिरामीका कुरुवा व्यवस्थापनमा पनि सहजता थपिएको छ । नत्र बेडकै अभावमा उपचारसमेत प्रभावित हुँदै आएको थियो । आफूहरूलाई पीसविनले यस्तो सहयोग गरेर ठूलो गुन लगाएको बताउँदै डा. जैसी थप्छन्– त्यतिमात्र हैन, यो स्वास्थ्य चौकीमा पीसविनले अन्य सहयोग पनि गरेको छ ।

अझ विशेषगरी कोभिड–१९ का बेला पीसविनले गरेको सहयोग बिर्सिनसक्नु भएको उनको भनाइ छ । बजारमा किन्नसमेत नपाइने बेला स्वास्थ्यकर्मीलाई उपलब्ध गराइएको पिपिइ सेट,

मास्क, पन्जा, सेनिटाइजर आदिले आफूहरूलाई प्रभावकारी सेवा प्रदान गर्न निकै सघाएको उनी बताउँछन् । भन्छन्- अभावका बेला लगाएको गुन निकै प्रभावकारी हुँदोरहेछ ।

पीसविनले स्वास्थ्य क्षेत्रमा सञ्चालन गरेको कार्यक्रम र त्यसअन्तर्गत स्वास्थ्यकर्मी, विशेषगरी स्वास्थ्य स्वयंसेविकालाई दिइएको तालिम तथा सहयोगी सामग्रीले पनि स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवा प्रभावकारी हुन मद्दत पुगेको डा. जैसीको अनुभव छ । खासगरी कुपोषण भएका बालबालिका पहिचान गर्ने, उनीहरूलाई उपचारका लागि पठाउने, आमाहरूलाई दूध चुसाउन सिकाउने, हात धुन सिकाउने जस्ता काम उनीहरूबाट भइरहेकाले पनि स्वास्थ्य चौकीलाई सघाउ पुगेको उनको बुझाइ छ ।

स्वास्थ्य स्वयंसेविकाहरूलाई पीसविनले यस्ता विषयमा प्रशिक्षित गरेकै कारण यो स्वास्थ्य चौकीमा त्यस्ता बिरामी आउने क्रम बढेको र यसले स्वस्थ जीवन यापनको अधिकार संरक्षण गर्न सघाएको बुझाइ भएका उनीसँग यही कारण स्वास्थ्य चौकी आउने बिरामीको सङ्ख्या ५-७ प्रतिशतले वृद्धि भएको तथ्याङ्क पनि छ ।

उनको भनाइमा यस कारण दम छ कि यतिबेला पीसविनबाट तालिम र केही दैनिक बन्दोबस्तीका सामग्री सहयोग पाएका स्वास्थ्य स्वयंसेविका घर-घर पुग्छन् । कुपोषण भएको बालबच्चाबारे बुझ्छन् । भेटिएमा स्वास्थ्य चौकी गइहाल्न भन्छन् । अनि हात धुन भन्छन् र त्यस्तै परे धुने तरिकासमेत सिकाउँछन् । उनीहरूको यो भूमिकाका कारण कुपोषणलाई रोग नै नठान्ने वा ठाने पनि लुकाएर बस्ने अवस्था अन्त्यमा सघाउ पुगेको छ । जसलाई डा. जैसी स्वयंले पुष्टि गरेका छन् ।

तालिम प्राप्त स्वयंसेविकाहरूले गाउँ गाउँमा गएर बालबालिका तथा खासगरी गर्भवती र सुत्केरी महिलाले खानुपर्ने पोषणयुक्त खान्कीका बारेमा सम्झाउन थालेपछि स्वास्थ्य समस्याहरू न्यून हुन थालेका अनुभव पनि जैसीसँग छ । साथै यसबाट कुपोषण हुने सम्भावना घट्दै जान थालेको छ भने कुपोषित भइसकेकाको पनि बेलैमा उपचार हुने अवस्थाले समस्याको आकार झाङ्गिन नपाउने अवस्था सिर्जना भएको उनको बुझाइ छ । यसलाई स्वयंसेविकाले पछिल्लो समय प्राप्त गरेका ज्ञान र त्यसलाई व्यवहारमा उतार्नुको परिणाम ठान्छन् डा. जैसी ।

कुपोषण रोग नभई दैव लागेको ठान्नेहरू यस क्षेत्रमा प्रशस्त भेटिन्छन् । त्यही कारण पनि कुपोषित बच्चालाई स्वास्थ्य केन्द्र हैन, मन्दिरहरू लिएर जाने र निको पार्नका लागि भाकल गर्ने चलन उत्तिकै छ । तर अहिले स्वास्थ्य स्वयंसेविकाहरूकै सक्रियताका कारण यस्तो भ्रम चिरिएको छ । मन्दिर जाने पाइला

## राम्रो छ स्वास्थ्य चौकीको सेवा

मेरो १ महिनाको बच्चालाई रूघा लागेर जँचाउन आएकी हुँ । म स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपर्‍यो कि यहीँ आउने गर्छु । यो चौकीमा स्वास्थ्यका धेरै सामग्री छन्, अहिले त डाक्टर पनि हुनुहुन्छ, सबैको व्यवहार राम्रो छ । उपचार पनि राम्रो छ । त्यही भएर पनि म सधैँ यहीँ आउने गरेकी हुँ ।

**वसन्ता बडुवाल**
कापकोट, बूढीनन्दा नगरपालिका

स्वास्थ्य चौकीतर्फ मोडिएका छन् । डा. जैसी भन्छन्- स्वास्थ्य चौकीमा पहिले भन्दा अहिले कुपोषित बालबालिकाको सङ्ख्या बढ्नु स्वयंसेविकाकै देन हो भन्न हिच्किचाउनु पर्दैन ।

छिमेकी जिल्ला मुगु होस् वा बूढीनन्दा नगरपालिका बाहिरका अन्य पालिका, धेरैको रोजाइमा पर्छ यो स्वास्थ्य केन्द्र । त्यसको एउटै मुख्य कारण यहाँ तुलनात्मकरूपमा स्वास्थ्य पूर्वाधारहरूको उपलब्धता राम्रो हुनु हो । डक्टर नियमित रहनु अर्को महत्वपूर्ण कारण हो । यसो हुनुमा स्वास्थ्य क्षेत्रमा काम गर्ने पीसविन जस्ता सङ्घ/संस्थाको पनि उल्लेखनीय भूमिका रहेको स्वीकार्छन् डा. जैसी ।



# बिपत जोखिम न्यूनिकरण



# बस्ती जोगिने आशा

हिरालाल रेग्मी
दैया, बूढीनन्दा नगरपालिका-६, बाजुरा

पश्चिममा बोलिने लबजअनुसार बड्डीको अर्थ हुन्छ- मान गर्नुपर्ने महिला । त्यसैगरी अङ्ग्रेजी भाषाअनुसार गार्डको अर्थ हुन्छ- सुरक्षाकर्मी । तर यही बड्डी र गाड मिलेर बनेको बड्डीगाड खोलो दैयाका बासिन्दाका लागि भने सधैँ असुरक्षाको कारक बन्दै आएको छ । सधैँ गड्गडाएर आउने यो खोलो वर्षायाममा त यस्तो ताण्डव नृत्यसाथ आउँछ कि लाग्छ- अब यो गाउँका कोही बाँकी रहने छैनन् ।

कैयौँ वर्ष बिते यस्तै त्रास र चिन्तामा दैयाबासीको । हिरालाल रेग्मी भन्छन्- हामी बगाउने त्रासमा रातभर सुत्न सकेनौँ । वर्षायाम सुरू भएपछि एउटा किसानको नाताले हर्षित हुनुपर्ने हो तर हामी कुनै वर्षायामसँग पनि रमाउन सकेनौँ । वर्षासँगै गड्गडाएर हाम्रो घर/खेत लैजाने धम्कीसहित आउने भएपछि रमाउनु पनि कसरी ?

यहाँका बासिन्दा कहाँ पुगेनन् यो खोलामा तटबन्ध हालिदेऊ भनेर ? तर कसैले मतलव गरेन । अरू त अरू, आफैँले मत दिएर विजयी गराएका जनप्रतिनिधिसमेत उनीहरूको समस्याप्रति संवेदनशील देखिएनन् । हिरालालले थपे- हैरान भइसक्यौँ दयाको भिख माग्दामाग्दै । तर हाम्रो केही लागेन ।

अन्तिममा आएर आफूहरूको क्रन्दन पीसविन संस्थाले सुनेको बताउँछन् उनी । जब पीसविनले यो खोलामा तटबन्ध निर्माणका लागि ८ लाख रूपियाँ उपलब्ध गरायो, स्थानीय मिलेर आफैँ ग्याबिन वाल खडा गरे । गाउँकै बासिन्दा जम्मा भए । ससानो समूह बनाए । सयवटा ग्याबिन हाल्ने निधो भयो । समूहले यस्ता ग्याबिन बनाउने जिम्मेवारी लिए । गाउँ र जमिन पनि आफ्नै सुरक्षित हुने, रोजगारी पनि पाइने, बजेट पनि बाहिरका मानिसलाई दिनु नपर्ने भएपछि सबै मख्ख ।

सहयोग गर्ने संस्थाका कर्मचारीले समेत नपत्याउने गरी काम गरे स्थानीयले । यो ग्याबिन वाल निर्माण समितिका अध्यक्षसमेत रहेका हिरालालले सुनाए- कोहीले ढुङ्गा फुटाए, कसैले तारजाली बनाए, कोहीले त्यसमा ढुङ्गा मिलाउने काम गरे । को महिला को पुरूष, को एकल, को दोकल, को क्षत्री, को दलित, कुनै पर्वाह भएन । सबै जुटिरहे काममा । परिणाम- एक सातामा काम सम्पन्न ।

आफ्नो गाउँठाउँको विकास बाहिरी मानिस र उपकरणबिना स्थानीयकै संलग्नतामा हुन सक्दोरहेछ भन्ने एउटा गतिलो उदाहरण पनि बन्यो बड्डीगाडको ग्याबिन वाल निर्माण योजना । न पैसा बाहिर जाने न त गाउँकै मानिस बेरोजगार रहने । 'गाउँमा विकास आयो भने मानिसको आर्थिक स्तर स्वतः बढ्दोरहेछ भन्ने पनि थाहा भयो यसपटक हामीलाई'- हिरालालले नयाँ अनुभव पनि सुनाए ।

यो ग्याबिन वाल पर्याप्त त छैन तर पनि बस्ती र केही खेतीयोग्य जमिन जोगाउन सानै किन नहोस्, प्रयासचाहिँ भएको बताउँछन् स्थानीय । अब यसलाई बढाएर अलि अग्ल्याउन सके आनन्दको निद्रा पर्ने उनीहरूको आशा छ । र, यसका लागि नगरपालिका हुँदै विभिन्न सङ्घ/संस्थामा पहल गर्ने क्रम पनि जारी छ ।



५५ घर भएको दैया गाउँमा आफ्नै उत्पादनले कसैलाई पनि ३-४ महिना धान्दैन । त्यसैले खानकै लागि कि काठमाडौँ जानु कि त भारतका विभिन्न स्थान धाउनु यहाँका बासिन्दाको बाध्यता हो । घरमात्र हैन, घरैमुनि अर्थात खोलाको डिलमा रहेको त्यही थोरै थोरै जमिन पनि बर्सेनि बड्डीगाडले आफैँमा मिलाउँदै लगेपछि यहाँका बासिन्दा चिन्तित नहुने कुरै भएन । आफूहरूको यही चिन्तालाई केही हदसम्म भए पनि पीसविनले पन्छाइदिएको स्थानीयको भनाइ छ ।

## यो ठूलो सहयोग हो

म ६० वर्ष पुग्नै लागेँ । पहिले खोलो तल थियो, झन झन गहिरिएर जाँदा माथिको जमिन काट्दैनथ्यो । जति पछि भयो उति उति माथिबाट आएका बालुवा, ढुङ्गा र माटो का कारण खोलो अग्लिँदै जान थाल्यो । त्यसपछि पानी खेत र बस्तीमा उक्लने क्रम बढ्यो । यस्तो अवस्थाले बिस्तारै जमिन र गाउँ नै बगाउने खतरा बढ्दै गयो । यस्तो बेला हामीलाई जमिन र बस्ती जोगाउन पीसविनले सयवटा ग्याबिन वालका लागि जुन सहयोग गऱ्यो, त्यसको जति गुनगान गाए पनि कम हुन्छ ।

**पदमबहादुर रोकाय**
दैयाका प्रभावित बासिन्दा

यही खोलाको अर्को साइडमा प्रदेश सरकारबाट प्राप्त १० लाख रूपियाँको बजेटबाट त्यति नै ग्याबिन वाल हाल्ने काम भएको छ । तर हिरालालहरूले भने प्रदेश सरकारमार्फत १० लाखमा भएको काम ८ लाख रूपियाँमै सिध्याएर अर्को नमुना पेस गरेका छन् । 'आफ्नै गाउँको सुरक्षाका लागि हो । हामीले धेरै मेहनत गऱ्यौँ र कम आम्दानी लियौँ', हिरालाल भन्छन्- अझै पनि थोरै बजेट पाए धेरै काम गरेर देखाइदिने थियौँ ।

आफ्नो गाउँ र खेतीयोग्य जमिन बचाउन यसरी लागिपर्नु दैयाबासीका लागि बाध्यता पनि हो । किनकि एक त गाउँलाई बाँकी संसारबाट जोड्ने एकमात्र पुल पनि खतरामा परेकाले त्यसलाई समेत जोगाउनुपर्ने दायित्व उनीहरूसामु छ । अर्कोतर्फ गएको भदौमा आएको बाढीले घट्टसहित जिमु लोहार नामकी महिलालाई बगाएकाले त्यस्ता घटनाको पुनरावृत्ति हुन नदिने चुनौती पनि छ । हीरालाल भन्छन्- यहाँ त घर, जमिन र पुलको मात्र हैन, ज्यानको समेत जोखिम उत्तिकै छ, त्यसैले पनि हामी यो खोलाबाट बच्ने उपायका लागि नाफा/घाटा हेर्दैनौँ । न त कसैको स्वार्थ नै हाबी हुन दिन्छौँ ।



# बल्ल निद्रा पर्न थालेको छ

सुमन बानियाँ
रानाकोट, खत्याड गाउँपालिका-३, मुगु

एकातर्फ आफ्नो घर, सँगै गैरे खोला । आफ्नै धारमा बगिरहने यो खोला केही वर्षदेखि बौलाउन (जता मन लाग्यो त्यतैबाट बगिदिने) थालेपछि सुमनलाई निद्रै लाग्न छाड्यो । निद्रा लागोस् पनि कसरी ? खोलो घरमै आइपुग्यो भने त लैजान्छ उनलाई पनि । त्यसैले पानी पर्न लाग्दा मात्र हैन, आकाश गजधुम्म हुँदा होस् वा बादलले राज जमाउन खोज्दा, उनी र श्रीमान् बडो चिन्तित हुन्थे ।

छोराछोरी नभएकी उनका श्रीमान्-श्रीमती मात्रै छन् । आफ्नो भन्ने केही नभएकी उनी स्थानीय बाँचे बानियाँले दया/मायाले दिएको जमिनमा सानो घर बनाएर बसेकी छिन् । त्यही घरमा रहेको फुच्चे निया/नास्ता पसल नै यो दम्पतीको गुजाराको एक मात्र सहारा हो । त्यसैले सम्पत्तिका नाममा अरूको जग्गामा बनेको एउटा सानो घरमात्र भएका उनीहरूलाई यो चिन्ताले सताउनु अस्वाभाविक पक्कै हैन ।

यस्तो अवस्थाबीच बाँचिरहेका सुमनको परिवारका लागि डाँडोबाट बालुवा, ढुङ्गा र माटोसमेत बोकेर दौडने खोलाको वेग रोक्ने सामर्थ्य हुने कुरै भएन । त्यसैले मरिए पनि मरियोस् भनेर जबर्जस्ती चित्त बुझाएर त्यही घरभित्र गुजिल्टिनुबाहेक अर्को बाटो थिएन । जसले उनीहरूलाई सधैँ तनाव मात्र दिइरहन्थ्यो । अझ खासगरी वर्षा याम सुरू भएपछि त यो जोडीको होसहवासै उड्थ्यो भन्दा पनि फरक पर्दैन ।

अबचाहिँ अवस्था अलि फेरिएको छ रे । सुमनकै भनाइमा- आरआरडिसी संस्थाले यो खोलामा ग्याबिन वाल बनाइदिएपछि केही हाइसन्चो भएको छ । हुन त अझै पनि गैरे खोलाले पुऱ्याउन सक्ने क्षति ठ्याम्मै हुने गरी ग्याबिन वाल बनिसकेको छैन तर पनि केही हदसम्म भए पनि बाँचिएला कि भन्नेचाहिँ लागेको छ । त्यसैले निद्राचाहिँ पर्न थालेको छ भनौँ अहिले ।

घरमाथि गैरे खोला, घरमुनि खत्याड खोला । परेन फसाद ? जताबाट पनि कटान, डुबान र पुरानमात्र । यस्तो अवस्थामा सुमनको घरमात्र हैन, सँगैका अन्य ७ घर पनि निकै जोखिम बेहोर्न बाध्य छन् । हेर्दाहेर्दै सयौँ रोपनी खेतीयोग्य जमिनसमेत बगरमा परिणत गरिदियो यही पापी खोलाले । क्विन्टलका क्विन्टल

धान/गहुँ उब्जाउ गरेर धेरै परिवार पाल्न सकिने उक्त जमिन अहिले यही खोलाले ल्याएर थुपारेको भीमकाय ढुङ्गालाई कापी च्यापेर बसेको छ । न खेती हुने वातावरण छ न त सम्भावित थप दुर्घटना टर्ने सम्भावनै । यस्तो अवस्थाले सुमन मात्र हैन, उनका अन्य छिमेकी पनि सधैँ चिन्ताको आहालमा डुबुल्की मार्न बाध्य हुँदै आएका छन् ।

जब पानी पर्छ, उक्त खोलो जिस्क्याउँदै सुमनको घरनजिकै आउँछ । धेरैजसो पेटीबाटै बग्छ भने कहिले त ढोकाबाट मात्र हैन, झ्यालबाट समेत छिर्न खोज्छ । गडगडाएर ठूलो आवाजसहित आउने यो खोलाले कुनै दिन घरसँगै मान्छे पनि लाने भो भन्ने चिन्ताले कहिलै नछाडेको उनी बताउँछिन् । थप्छिन्- अहिले भने केही ग्याबिन वाल लगाइएकाले अबचाहिँ नलगिहाल्ला कि ? तर पनि यस्तो वाल चाहिने जति मात्रामा नभएकाले पूर्णरूपमा ढुक्क हुने अवस्था भने अझै पनि छैन ।

गाउँ र वडा पालिकामा निकै धाए प्रभावित बासिन्दा । तर खासै सहयोग भएन । सधैँ बजेटको अभाव देखाइरहे । पालिका बजेटको अभाव देखाइरहने उता गैरेले स्थानीयको जमिन कटान गर्दै घरमा पनि धावा बोल्ने धम्की दिइरहने । यस्तो अवस्थाबीच गुज्रेका बेला आरआरडिसीले ग्याबिन वालका लागि गरेको सहयोगबाट ८ वटा घरलाई थोरै भए पनि राहत मिलेको देखिन्छ । सुमन भन्छिन्- खेतीपाती त त्यस्तै हो, ज्यानचाहिँ जोगिए हुन्थ्यो भन्ने लाग्छ । तर पनि हेरौँ, कसैले थप सहयोग गरिदिइहाल्छ कि ?

अझै आश छ स्थानीयलाई- यस्तै संस्था वा पालिकाले आफ्नो जमिन र बस्ती जोगाइदिन थप पहल र सहयोग गरिदिन्छन् कि भन्ने । त्यसो त, प्रभावित बासिन्दा पनि चूप लागेर भने बसेका छैनन् । कहाँबाट के सहयोग पाइन्छ भन्नेबारे बुझ्दै याचना गर्दै हिँडिरहेका छन् । तर पनि आश भने मारेका छैनन् । चूप लागेर र भाग्यलाई दोष दिएर बस्नु भन्दा प्रयास गर्दा केही हुन्छ भन्ने उनीहरूको बुझाइ छ ।

## केही हदसम्म सुधार भएको छ

गैरे खोलाले हामीलाई दिनुसम्म दुःख दिएको छ । यही खोलाका कारण ८ घर जोखिममा छन् भने ३ सय रोपनी जति जमिन पनि जोखिममा छ । यसमध्ये केही बगरमा परिणत भएको छ भने केहीचाहिँ हुने क्रममा छ । मेरै ८-९ क्विन्टल धान फल्ने जमिन कटान गरिसक्यो । अरूको पनि बाँकी राखेको छैन ।

यस्तो बेला आरआरडिसीले यो खोलाले गर्ने बदमासी रोक्न केही ग्याबिन वाल सहयोग गरेर ठूलो गुन लगाएको छ । यसबाट जोखिम प्रकोप न्यूनीकरणमा केही हदसम्म सुधार भएको छ तर यो पर्याप्त भने छैन । त्यसैले हामी अन्यत्र पनि सहयोगका लागि धाइरहेका छौँ । यही संस्थाले पनि थप केही ग्याबिन वाल लगाइदिएमा ढुक्कसँग निदाउन पाइन्थ्यो भन्ने लाग्छ । धेरै क्षति त भइ नै सक्यो, अब थप क्षति नहोस् भन्नका लागि हाम्रो आग्रह हो ।

**सुर बानियाँ**
अध्यक्ष, ग्याबिन वाल निर्माण समिति, रानाकोट, मुगु



# सुशासन




# सरकारको जाँच लिँदै जनता

अङ्गराज पाध्य
विरसैन, बूढीनन्दा नगरपालिका-५, बाजुरा

**स्थान** : बूढीनन्दा नगरपालिका, वडा नं. ५ को कार्यालय
**मिति** : २०७७ चैत २५

कार्यक्रमको नाम : नागरिकस्तरीय वडा समितिको अनुभव र सिकाइ आदान-प्रदान

एकातिर बूढीनन्दा नगरपालिका, वडा नं. ५ स्थित नागरिक अनुगमन समिति र सामुदायिक अङ्कपत्र समूहका पदाधिकारी । अर्कोतिर हिमाली गाउँपालिका, वडा नं. ७ स्थित बाँधुका यस्तै समिति र समूहका पदाधिकारी । बीचमा दुवै वडाका जनप्रतिनिधि ।

जब कार्यक्रम सुरू भयो बूढीनन्दा नपा-५ स्थिति समितिका संयोजक एवं समूहका सदस्य अङ्गराज पाध्य बोले- हामीले वडा कार्यालयबाट पाइने सिफारिस सेवाका लागि १० नम्बर पूर्णाङ्कमा ८ मात्र दिन सक्यौं किनकि वडामा सचिव नभएकाले सेवाग्राहीले धेरै झन्झट बेहोर्नुपरेको छ ।

त्यसपछि बाँधुकी संयोजक तथा समूहकी सदस्य प्रमिला अधिकारीको पालो आयो । उनको भनाइ थियो- हामीले अघिल्लो वर्ष ९ दिएकामा यस वर्ष भने सेवा स्तर खस्केकाले त्यसलाई ८ मा झार्‍यौं । यसो गर्नुमा उनको प्रस्टीकरण थियो- हाम्रो वडामा सचिव नै छैनन् । यही कारण पनि सिफारिस सेवा सन्तोषजनक हुन सकेन ।

पालो पुनः अङ्गराजको आयो- योजना अनुगमन फितलो भएको भन्दै ३ नम्बर भन्दा बढी दिन नसकेको रिजल्ट सुनाए उनले । बाधुँकी प्रमिलाले भने आफ्नो वडाले व्यक्तिगत घटना दर्ता प्रभावकारी बनाउन नसकेकाले २ नं. भन्दा बढी दिन नसकेको जानकारी दिइन् ।

जबकि यस्तो नम्बर सेवाप्रदायक अर्थात वडा कार्यालय आफैँले पनि दिने व्यवस्था मिलाइएको थियो । जसअनुसार बूढीनन्दाको वडाले सिफारिसमा १० नं. नै दिएको थियो भने योजना अनुगमनका लागि ६ नं. दिएको थियो । त्यसैगरी बाधुँका जनप्रतिनिधि अर्थात सेवाप्रदायकले आफूले प्रदान गरेको सिफारिस सेवाका लागि ९ अङ्क प्रदान गरेका थिए भने व्यक्तिगत घटना दर्ताका लागि ६ नम्बर दिएका थिए ।

सेवाप्रदायक अर्थात स्थानीय सरकारका रूपमा चिनिने वडा कार्यालयले वर्षभर प्रदान गरेका सेवालाई सेवाग्राही अर्थात नागरिकले कसरी मूल्याङ्कन गरेका छन् र स्वयं सेवाप्रदायकले समेत यसलाई कसरी हेरेका छन् भनेर जाँच्ने उत्तम उपाय थियो यो कार्यक्रम । जुन पीसविनको सहयोगमा जिल्लाको बूढीनन्दा नगरपालिका र हिमाली गाउँपालिकाका प्रत्येक वडामा सञ्चालित छ । यिनै २ पालिकाका १-१ वडाको अनुभव आदान-प्रदान गर्ने कार्यक्रम थियो जसमा सेवाग्राही र कर्मचारीसमेत संलग्न सेवाप्रदायकबीच आमने-सामने सेवा प्रवाहका राम्रा पक्ष तथा कमजोरीबारे गहन छलफल भयो ।

'यस्तो प्रक्रियाले एकातिर सेवाप्रदायकलाई आफ्नो कमजोरी थाहा हुन्छ भने अर्कोतर्फ सेवाग्राही पनि चनाखो हुने गर्छन् । अन्ततोगत्वा सरकारले आफ्ना जनतालाई दिने सेवामा पहुँच पुग्छ र यस्तो सेवा प्रभावकारी हुन सक्छ'- अङ्गराजले यसको महत्व बुझाए । यसरी २ पालिकाबीच हुने अन्तरक्रियाले एकले अर्काको राम्रो कुरा सिक्न र नराम्रो पक्षमा सुधार गर्न सघाउने अनुभव पनि उनले व्यक्त गरे ।

सिफारिस र व्यक्तिगत घटना दर्ता मात्र हैन, वडा सरकारबाट सम्पादन हुने कामहरू योजना छनोट प्रक्रिया, सार्वजनिक सुनुवाइ, योजनाको अनुगमन, समूह सञ्जाल, मदिरा नियन्त्रण, वन तथा वातावरण, अभियान तथा चेतना, विपद् जोखिम जस्ता विषयमा पनि नम्बर दिने गरिन्छ । 'हामी नम्बर दिने काम गरेर उनीहरूलाई फुरुक्क पार्ने वा हतोत्साहित तुल्याउने मात्र गर्दैनौँ', प्रमिलाले थपिन्- सेवा राम्रो हुनुको तथा नराम्रो हुनुको कारणसमेत उल्लेख गरिदिन्छौँ । जसले कमजोरी सुधार्न मद्दत गर्छ ।

यस्तो अङ्कपत्र वडा कार्यालयहरूमा टाँसिने व्यवस्था पनि मिलाइएको छ पीसविनकै सहयोगमा । जसबाट सबै सेवाग्राही र सेवाप्रदायकले जानकारी लिन सक्छन् । अर्कोतर्फ आफ्ना कमजोरी समाधान गर्न सेवाप्रदायक निकायलाई दबाब पनि सिर्जना हुन्छ यस्तो कार्यक्रमबाट । 'यही कारण उपलब्धि पनि हासिल भएका छन्'- कार्यक्रमको प्रभावकारिताबारे सुनाउँछन् अङ्गराज ।

## प्रभावकारी छ पीसविनको काम

पीसविनले यो गाउँमा स्थानीय सरकारको कार्य मूल्याङ्कन गर्न सघाउनेदेखि जनप्रतिनिधिका लागि विभिन्न तालिम दिने, हजार दिने आमालाई चेतना दिलाउने जस्ता काम निकै प्रभावकारी देखिएको छ । खासगरी कोभिड-१९ को सन्दर्भमा हाम्रै विद्यालयमा पनि पानीका लागि ट्याङ्की उपलब्ध गराउनेदेखि हात धुन सिकाउने साबुनलगायत सामग्री दिने काम भएका छन् । कतै कतै पाउनुपर्नेले नपाएर नपाउनुपर्नेले सहयोग पाएका गुनासा सुनिएका छन् । यस्ता सामान्य कमजोरी सच्याएर अघि बढ्ने हो भने उसको सहयोग झनै प्रभावकारी हुने देख्छु ।

**दलबहादुर मल्ल**
प्रधानाध्यापक- भवानी मावि, धुलाचौर, बाजुरा

पीसविनले सुशासनलाई बढावा दिनका लागि लागि कार्यक्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । त्यसबाहेक सार्वजनिक सुनुवाइहरू सञ्चालन गर्ने, रेडियोमा सुशासनमूलक सन्देशहरू बनाएर प्रशारण गर्ने, स्थानीय सरकारद्वारा उपलब्ध हुने सेवा प्रवाहबारे जानकारी गराउने, योजना तर्जुमाका लागि समूहहरू परिचालन गर्ने जस्ता काम गर्दै आएको छ । यस्तै विविध कार्यक्रममध्ये अङ्कपत्रको अभ्यास पनि एउटा हो । त्यतिमात्र हैन, सूचना अभियानअन्तर्गत कार्यक्षेत्रका ८ हजार घरमा नेपालको संविधानसमेत वितरण गरिएको छ । जुन निकै प्रभावकारीसमेत देखिएको छ ।





# आमाहरूको लोभलाग्दो कार्यालय

धनु पण्डित
बाँधु, हिमाली गाउँपालिका–७, बाजुरा

विद्यालयका कोठामा के हुन्छ ? उत्तर सहज छ– पठनपाठन । तर स्थानीय जनता आधारभूत विद्यालय पुग्ने जोकोहीले पनि एउटा फरक दृश्य देख्न सक्छ यहाँ । जहाँ सबै कोठामा पठनपाठन हुँदैन । त्यसमध्येको एउटामा छुट्टै कार्यालय छ । त्यो पनि न विद्यालयको हो न त कुनै सङ्घ/संस्थाकै । उक्त कार्यालय हो– सुन्तला स्वास्थ्य आमा समूहको ।

प्रायः गाउँघरका धेरै कार्यालय एउटा टेबल र केही थान कुर्सीमा सीमित हुन्छन् । यस अर्थमा पनि यो कार्यालय फरक छ । अर्थात यो कार्यालयमा तपाईँ कम्प्युटर देख्न सक्नुहुन्छ । फोटोकपी मेसिन देख्न सक्नुहुन्छ । प्रिन्टर पनि सँगै छ । राम्रो टेबुल र कुर्सीले पनि सज्जित छ । विद्युत्को ठेगान नभएकाले यी विद्युतीय सामग्री चलाउन आवश्यक पर्ने सोलार पनि उपलब्ध छ ।

आमा समूहको कार्यालय पनि यस्तो ? प्रश्न गर्नेलाई समूहकी सचिव धनु पण्डित भन्छिन्– हो, हामीलाई पीसविनले यस्तो सामग्री सहयोग गरेपछि पक्कै धनी भएका छौँ हामी । एकातिर यी सामग्रीबाट कार्यालय सञ्चालन गर्न सहजता सिर्जना भएको छ भने अर्कोतर्फ हामीले सञ्चालन गर्ने कार्यक्रमहरूलाई पनि भरथेग पुगेको छ ।

कसरी ? दोस्रो प्रश्नको उत्तर पनि तयार छ उनीसँग– हामी फोटोकपी गरेको, प्रिन्ट गरेको पैसा लिन्छौँ । यसबाट फोटोकपी र प्रिन्ट गर्नकै लागि करिब डेढ घण्टा परको कोल्टीसम्म पुग्नुपर्ने बाध्यताबाट सेवाग्राहीले मुक्ति पाएका छन् भने आमा समूहलाई पनि केही आम्दानीको बाटो खुलेको छ ।

आमा समूहलाई किन दियो त पीसविनले यस्ता सामग्री ? तेस्रो प्रश्नको उत्तर पनि हँसिलो पाराले दिन्छिन् उनी– हामी गाउँका

विकृति हटाउने अभियानमा लागेका छौँ । स्थानीय सरकारले दिने सेवालाई प्रभावकारी तुल्याउन लागिपरेका छौँ । महिलालाई बचत गर्न सिकाउने र आवश्यक परेका बेला अङ्कोपङ्को फुकाउने काममा पनि उत्तिकै सक्रिय छौँ । हाम्रो यही उत्साहमा हौसला प्रदान गर्न सहयोग गरेको होला शायद ।

हो पनि, धनुहरू गाउँमै गठित वडास्तरीय नागरिक अनुगमन समितिसँग मिलेर वडाले प्रदान गर्ने सेवाको प्रभावकारिता मूल्याङ्कन गर्छन् । यसलाई प्रभावी बनाउन खबरदारी गर्छन् । गाउँमा बाल विवाह हुन नदिन प्रयत्न गर्छन् । मदिरा सेवन र बेचबिखन नियन्त्रणमा दरिलैसँग लागेका छन् । छाउपडी प्रथा देखिसहँदैनन् । शौचालय नबनाउनेलाई सम्झाइबुझाइ र केही सिप नलागे आफूले सहयोग गरेर पनि बनाउनै लगाउँछन् । बहुविवाह गर्न दिँदैनन् ।

त्यतिमात्र हैन, धनु भन्छिन्- हामी वडा कार्यालय र स्थानीय सङ्घ/संस्थामा समेत गएर त्यहाँ आउने बजेट, उनीहरूले गर्ने काम तथा त्योअनुसार भए/नभएको पनि चासो राख्न थालेका छौँ अचेल । पहिले त कुन निकायले के काम गर्थ्यो, कति पैसा आउँथ्यो केही थाहै हुने थिएन । अहिले भने हामी यस्ता कुरामा चनाखो भएका छौँ ।

यसको रहस्य के हो त ? कुनै पनि प्रश्नको उत्तर दिन गाह्रो नमान्ने धनु यो सबैको श्रेय पीसविनलाई दिनुपर्ने बताउँछिन् । यही संस्थाले विभिन्न समयमा दिएका सुशासन र महिला अधिकारबारेको प्रशिक्षण नै आमाहरूलाई सक्रिय र चनाखो बनाउने औषधि हो रे । 'पीसविन बच्चाको पहिलो पाठशाला आमा हो भन्छ, हामीचाहिँ आमाको पहिलो पाठशाला पीसविन हो भन्छौं'- आफूहरू यति जान्ने हुनुको मुख्य कारण यही भएको बताउँछिन् उनी ।



## प्रशंसनीय छ महिलाको योगदान

यस वडाका महिला निकै जागरूक छन् । आमा समूह, नागरिक अनुगमन समिति आदि मिलेर गर्ने अभियानहरूले वडालाई राम्रो कामका लागि खबरदारी हुने गरेको छ । खासगरी सामुदायिक अङ्कपत्र प्रभावकारी छ । महिला सक्रिय भएकै कारण हामी मदिरा निषेध गर्न, सार्वजनिक सुनुवाइमार्फत समस्याहरू छिमोल्न तथा वातावरण संरक्षणमा धेरै हदसम्म सफलता हासिल गर्न सकेका छौँ । अङ्क दिने प्रक्रियाले हामीलाई आफू कति सही मार्गमा छौँ भनेर निर्क्योल गर्न पनि मद्दत पुगेको छ ।

**जयबहादुर अधिकारी**
वडा अध्यक्ष, वडा नं. ७, हिमाली गाउँपालिका, बाजुरा

अहिले बाँधुका महिलामात्र नभई सबैबीच यो आमा समूह यति चर्चित छ कि १३ जनाबाट सुरू भएको सदस्य सङ्ख्या नै अहिले ४५ पुगिसक्यो । हामीलाई पनि राखिदिनुपऱ्यो भनेर थपिन आउनेहरू पनि उत्तिकै छन् रे । प्रवीणता प्रमाणपत्र तह पास गरेकी धनु आफूहरूले गाउँका विकृति छिमोल्न गरेको प्रयत्नले सबै प्रभावित बनेका बताउँछिन् ।

यो समूहको प्रभावकारिता वृद्धि हुनुको अर्को पनि कारण छ- नियमित बचत । ३ वर्षदेखि १० रूपियाँ मासिकका दरले बचत गर्न थालेको समूहका सदस्य अहिले महिनाकै ५० रूपियाँ बचत गर्छन् । यसो गर्दा उनीहरूको कोषमा करिब १ लाख ७ हजार रूपियाँ जम्मा भएको छ । यो पैसा के गर्छन् त उनीहरू ? 'हामी यो पैसा समस्या परेका महिलालाई ब्याजमा दिन्छौँ । खासगरी बाख्रा पाल्न, ससानो पसल चलाउन र तरकारी लगाउन आमा समूहका सदस्यले ऋण लैजाने गरेका छन् ।

पीसविन र गाउँपालिकालाई भनेर अब आफ्नै भवन बनाउने अभियान पनि सुरू गरेका छन् धनुहरूले । यसो भयो भने संस्थालाई दिगो बनाउन सकिने र महिला सशक्तीकरणका लागि थप काम गर्न सकिने विश्वास पनि उनी र उनको समूहका सदस्यहरूको छ ।




# प्रविधिमैत्री हुँदैछन् वडा कार्यालय

**गोविन्दबहादुर मल्ल**

धुलाचौर, हिमाली गाउँपालिका, बाजुरा

आफ्ना लागि आफैं नियम कानुन बनाउन पाउने (विधायिका), त्यसलाई र आफ्ना विकास निर्माणका काम कार्यान्वयन पनि गर्न पाउने (कार्यपालिका) र न्यायिक छिनोफानोको अधिकार (न्यायिक समिति) समेत प्राप्त भएका कारण अहिले स्थानीय तहलाई सरकारको मान्यता प्राप्त भएको हो । मुलुक भर्खर सङ्घीयतामा गएकाले एउटा सरकारका लागि उपलब्ध हुनुपर्ने पूर्वाधार भने अझै पनि अभाव छ । सङ्घीय राजधानीमै पनि स्थानीय सरकारले आफ्ना सबै गतिविधि निर्वाध सञ्चालन गर्न सक्ने गरी पूर्वाधार निर्माण गर्न सकेको छैन भने मानव विकास सूचकाङ्कको पुछारतिर पर्ने बाजुराले यो प्राप्त गर्नु निकै कठिन विषय हो ।

त्यसैले बाजुराको हिमाली गाउँपालिका पनि स्थानीय सरकारले गर्नुपर्ने भूमिका सक्रियपूर्वक निर्वाह गर्न सकिरहेको थिएन । बाटो बनाउने क्रममा बस्नका लागि सेनाले अस्थायीरूपमा निर्माण गरेका टहराहरूमा शरण लिइरहेको यो गाउँपालिकाले वडाहरूको सेवा प्रवाहका लागि सहयोग गर्न सक्ने कुरै भएन । त्यसैले जे/जस्तो अवस्था र साधन/स्रोत उपलब्ध छ, त्यसैमा आधारित भएर सेवा प्रदान गर्नु बाध्यता थियो भन्छन् गाउँपालिका अध्यक्ष गोविन्दबहादुर मल्ल ।

अहिले भने यो गाउँपालिकाका वडा कार्यालयहरू अलि व्यवस्थित मात्र छैनन्, उनीहरूको सेवा प्रवाह पनि केही हदसम्म सुध्रेको छ । खासगरी प्रविधिमैत्री बनाइएपछि सेवाको स्तर सहज र गुणस्तरीय बनेको सेवाग्राहीहरू स्वयं बताउँछन् । काममा पनि छिटोछरितोपन देखिएको छ । 'ए..अहिले त राम्रो भएछ'– सबैको प्रतिक्रिया यस्तै हुने गरेको छ ।

अहिले वडा कार्यालयले सम्पादन गर्ने कार्य तथा प्रवाह गर्ने सेवा कसरी प्रभावकारी बन्न सक्यो त भन्ने प्रश्नमा गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर मल्लको जवाफ छ– हामी अभावबाट गुज्रिरहेका थियौँ । अरू जस्तै नयाँ भएकाले के गर्ने, कसरी गर्ने भन्ने अन्योलमै थियौँ । सीमित स्रोत/साधनबाट सर्वसाधारणका ठूलै आकाङ्क्षा पूरा गर्नुपर्ने चुनौती थियो । यस्तो अवस्थामा पीसविनले हाम्रा सबै वडालाई विद्युतीय सामग्री सहयोगबापत प्रदान गरेपछि सेवामा सुधार आउन सकेको हो ।

अहिले यो गाउँपालिकाका वडाहरूमा पुग्ने जोकोहीले वडा अध्यक्षको टेबुलमा कम्प्युटर देख्न सक्छ । कम्प्युटरको आडैमा रहेको प्रिन्टरले कुनै पनि सिफारिस दिन वा अभिलेख राख्न छरितो तुल्याउने गरेको छ । सबै ठाउँमा विद्युत् उपलब्ध नभएको तथा उपलब्ध भएको ठाउँमा पनि नियमित नहुने भएकाले यो समस्यालाई ध्यानमा राखेर सोलार पनि उपलब्ध गराएको छ । ताकि विद्युतीय सामग्री सञ्चालनमा कुनै समस्या नआओस् । सँगै दिइएको क्यामेरा र मोबाइल फोन पनि उपयोगी सावित भएको छ ।

सेवाप्रदायक निकायमा सुशासन कायम गराउने उद्देश्यले पीसविनले स्थानीय सरकारलाई गरेको सहयोग यतिमा सकिँदैन । उसले जनप्रतिनिधिलाई तालिम दिएको छ । प्रत्येक घरलाई पुग्ने गरी संविधान वितरण गरेको छ । आफूहरू काम, कर्तव्य र अधिकारबारे समेत पूर्णरूपमा जानकार नभएका बेला विभिन्न अधिकार र कार्यक्षेत्र तथा कानुनी विषयसमेत समेटेर पीसविनले जनप्रतिनिधिहरूलाई तालिम दिनु निकै महत्वपूर्ण भएको भनाइ पनि अध्यक्ष मल्लको छ । जसले आफ्नो र वडा अध्यक्षहरूको कार्यसम्पादनमा निखारता ल्याउन सघाएको दाबी पनि छ उनको ।

महिला अधिकार, दलितको अधिकार, अपाङ्गता भएको व्यक्तिको अधिकार, बाल अधिकार, घरेलु हिंसा जस्ता विषयमा तालिममार्फत जनप्रतिनिधिलाई जानकारी दिनु ठूलो विषय भएको बताउँदै उनी थप्छन्– अझ विशेष गरेर न्यायिक समितिको काम, कर्तव्य र अधिकारबारे दिइएको जानकारी त जति प्रशंसा गरे पनि नसकिनेखालको रह्यो । जसले पालिकालाई न्याय सम्पादनमा सघाएको छ भने यसले सुशासन कायम गर्ने सवालमा पनि मद्दत पुऱ्याएको छ ।



यो गाउँपालिकाको वडा नं. १, २ र ३ निकै दुर्गम छन् । केही गाउँ त पुग्नै धेरै दिन लाग्छ गाउँपालिकाको कार्यालयबाट । त्यस्तो अवस्थामा त्यहाँ न कर्मचारी बस्न मान्छन् न त सरकारी सुविधा नै पुग्ने अवस्था छ । यस्तो अवस्थामा हामीले पनि पीसविन जस्ता संस्था नै गुहार्ने हो भन्ने अध्यक्ष मल्ल सुनाउँछन्– पीसविनको सुशासनलगायतका कार्यक्रम त्यस्ता ठाउँमा अझै प्रभावकारी देखिएको छ । उसले सहयोग नगर्ने हो भने त्यहाँका बासिन्दा धेरै सुविधाबाट वञ्चित हुनुपर्थ्यो ।

हुम्ला, मुगु, कालीकोट र बझाङसँग सीमा जोडिएको बाजुराका सबै ठाउँमा सरकारको उपस्थिति छैन भन्दा पनि फरक पर्दैन । यही गाउँपालिकाको ३ नं. वडामा पर्ने गुम्बा गाउँ पुग्नै गाउँपालिकाबाट ३ दिन लाग्छ । यस्तो अवस्थामा पालिकाले मात्र त्यहाँ केही गर्न सक्ने अवस्था पक्कै हुँदैन । अध्यक्ष मल्ल थप्छन्– त्यसैले यस्तो ठाउँका जनतालाई सेवा पुऱ्याएर पीसविनले हामीलाई पनि ठूलो गुन लगाएको छ ।

## सेवा प्रवाह सुधारमा सहयोग भयो

हाम्रो वडामा पनि पीसविनले कम्प्युटर, प्रिन्टर, सोलार, क्यामेरा आदि विद्युतीय उपकरण उपलब्ध गराएको छ । यसबाट सेवाग्राहीलाई छिटोछरितो सेवा प्रदान गर्न सहज भएको छ । अरू कार्यालयीय कार्य सम्पादनमा पनि सहयोग पुगेको छ । दुर्गम पालिकाका वडालाई प्रविधिमैत्री बनाउने पीसविनको प्रयासको जति सराहना गरे पनि कम हुन्छ । यसबाहेक कोरोनाका कारण भएको लकडाउनका बेला गरिएको सहयोग तथा योजना तर्जुमाका बेला स्थानीयलाई गरिएको सहजीकरण पनि बिर्सन नसकिनेखालको छ ।

**सुरेन्द्रबहादुर मल्ल**
वडा अध्यक्ष, वडा नं. ६, हिमाली गाउँपालिका, बाजुरा




# महिलाको मन जित्दै सहकारी

कल्पनाकुमारी मल्ल
फैटी, हिमाली गाउँपालिका, बाजुरा

२ वर्षअघि- कर्मचारी होस् वा पैसा बचत गर्न तथा ऋण लिन जाने जोकोही होस्, काम्ला (ओढ्ने), लिउ (ओछ्याउने) मा बस्नुपर्थ्यो । सेवाप्रदायक कर्मचारी र सेवाग्राही दुवैलाई काम गर्न र गराउन अप्ठेरो हुन्थ्यो । किनकि भर्खर भर्खर सुरू भएकाले टेबल, कुर्सी किन्ने पैसा थिएन भने कामचाहिँ जसरी पनि गर्नुपर्ने बाध्यता पनि थियो ।

हाल- कर्मचारी मजाले कुर्सीमा बसेर टेबलमा खातापाता राख्न पाएका छन् । फाइलहरू राख्न र्‍याकको पनि व्यवस्था छ । कोही सेवाग्राही आइहालेमा उनीहरूलाई बस्न पनि थप कुर्सीको व्यवस्था छ । त्यसैले सेवाप्रदायक (कर्मचारी) देखि सेवाग्राही (बचत गर्न जाने तथा ऋण कारोबारी वा पाहुना नै किन नहोस्) पनि बसेर आरामदायीतवरले कारोबार गर्न सक्ने अवस्था देखिन्छ ।

यो दृश्य कुनै नाटकको होइन, बाजुराको फैटीस्थित देवीधुरा महिला कृषि सहकारी संस्था लि.को हो । जसको शाखा गाउँपालिकाको सदरमुकाम धुलाचौरमा समेत छ । जहाँ १ जना कर्मचारी पनि छन् कार्यालय सञ्चालन गर्ने ।

आफूहरूलाई पीसविनले यस्ता कार्यालयीय सामग्री सहयोगबापत उपलब्ध गराएपछि कार्यालय सञ्चालन र कारोबार गर्न सहज भएको सहकारीकी अध्यक्ष कल्पनाकुमारी मल्लको भनाइ छ । यसले एकातिर कार्यालयको शोभासमेत बढाएको छ भने अर्कोतर्फ संवेदनशील हुने खातापाता र हिसाबकिताब सुरक्षित गर्नसमेत मद्दत पुगेको उनको भनाइ छ ।

पीसविनले यो सहकारीलाई गरेको सहयोग यतिमा सीमित छैन । सहकारीका पदाधिकारी र कर्मचारीलाई दिएको लेखा तालिमले

हिसाबकिताब राख्न सघाएको छ भने बचत, योजना तर्जुमा र बजेट विनियोजन जस्ता तालिमले कार्य सम्पादनलाई प्रभावकारी बनाएको छ । पीसविनले दिएको यस्तै तालिमबाट जानकार भएपछि सहकारी आफैँले पनि आफ्ना सदस्यका लागि विभिन्न तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आउनु सहकारी सक्षम हुँदै जानुको प्रमाण मान्न सकिन्छ ।

कल्पनाकुमारी भन्छिन्- सुरूमा त हामीलाई पनि केही जानकारी थिएन । जब पीसविनले हामीलाई सहकारीसम्बन्धी विभिन्न तालिम दियो, हामी आफैँ पनि यस्ता कार्यक्रम सञ्चालन गर्न सक्ने भयौँ । जस्तै- हामीले गाउँपालिकासँग मिलेर आफ्ना सदस्यलाई महिला सशक्तीकरण तालिम दिएका छौँ । त्यसैगरी दलित समुदायलाई टोल-टोलमै पुगेर उनीहरूका अधिकारबारे चेतना दिलाउने कार्यक्रम गरेका छौँ । हामी अहिले पनि आफ्ना सदस्यका लागि केही न केही गरिरहेका हुन्छौँ ।

सबै महिला मात्र सदस्य रहेका यो सहकारीमा ९५ जना सेयर सदस्य छन् । करिब ९ लाख रूपियाँ बचत छ । सबैजसो रकम ऋणमा गएको छ । खासगरी सानोतिनो व्यापार र पशु किन्ने प्रयोजनका लागि ऋण लिने चलन छ यहाँ । यसबाट एकातिर सहकारीलाई ब्याज प्राप्त भइ आम्दानी बढ्ने र अर्कोतर्फ सदस्य तथा गैरसदस्यको समस्या पनि हल हुने अवस्था यो सहकारीका कारण सिर्जना भएको छ । जसलाई सहकारीको सफलता भन्न रूचाउँछिन् कल्पनाकुमारी ।

ऋण दिइँदा समस्या परेकालाई प्राथमिकता दिने सहकारीको नियम सबैले मन पराएका छन् । फैटीमा महिनाको एकपटक कारोबार हुने गरे पनि धुलाचौरमा पनि कार्यालयमार्फत दैनिक कारोबार हुने गरेको छ । युवा बचत, बाल बचत, वृद्ध बचत




## हामी पनि अनुग्रहित छौँ

हाम्रो सहकारीमा अहिले १५ लाख ५० हजार रूपियाँ जति बचत छ । त्यसैले सदस्यहरू कारोबार तथा बचतका लागि आइरहन्छन् । तर विडम्बना, हामीसँग 'बसौँ' भन्ने ठाउँ पनि थिएन । चटाइ, पाल आदि बिछ्याएर बस्नुपर्ने अवस्था थियो । त्यही कारण केही समय बस्छु भनेर आएका सदस्य पनि फर्किहाल्न आतुर हुन्थे । यो अवस्थाले हामीलाई दिक्क बनाउँथ्यो । अहिले भने पीसविनले हाम्रो दुःख देखेर कुर्सी, टेबल, र्‍याक आदि दिएको छ । जसले हाम्रो कामलाई सहज तुल्याएको छ भने हिसाबकिताब दुरूस्त तुल्याइ सुशासन कायम गर्न पनि सघाएको छ । यस्तो सहयोगका लागि म पीसविनलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

**रूपचन्द्र सार्की**
अध्यक्ष, समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि., धुलाचौर, बाजुरा

जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरेको यो सहकारीले जम्मा १२ प्रतिशत ब्याजमा ऋण उपलब्ध गराउँछ । यही कारण पनि सहकारी सबैको प्रिय हुन सकेको दाबी कल्पनाकुमारीको छ ।

गाउँपालिकाको ६ लाख र प्रदेश सरकारको ७ लाख रूपियाँ सहयोगमा आफ्नै भवन बनाएको छ सहकारीले । जहाँ २ वटा कार्यालय कोठा र एउटा हल छ । केही दिनअघिको ठूला हावाहुरीले जस्ता उडाएका कारण त्यहाँबाट कार्यालय सञ्चालन हुन भने सकेको छैन । अब स्रोत खोजेर जस्तापाता हाल्ने र निकट भविष्यमै आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने सोच सुनाउँछिन् कल्पनाकुमारी । भन्छिन्- त्यसपछि हामी संस्थालाई अझै सुशासनयुक्त बनाउन प्रयास गर्नेछौँ ।

सुशासन कायम गर्ने उद्देश्यले पीसविनले नागरिक संस्था (सहकारी, दलित नेटवर्क, महिला अधिकार मञ्च आदि) लाई पनि सहयोग गर्न थालेपछि बाजुराको बूढीनन्दा नगरपालिका र हिमाली गाउँपालिकाका धेरै यस्ता संस्था लाभान्वित हुन सकेका छन् । यसरी लाभान्वित हुनेमध्ये देवीधुरा महिला कृषि सहकारी संस्थाले आफूलाई साँच्चै अब्बल साबित गर्न सकेको छ । आगामी दिनमा अझै सुशासित, समुन्नत र सबैको प्रिय बनाउने गरी काम गर्ने लक्ष्य लिएको पनि बताउँछिन् अध्यक्ष कल्पनाकुमारी ।



# छुट्टै उत्साह 'बूढी आमै' नेताको

हिरादेवी शाही
रिखिया, खत्याड गाउँपालिका-११, मुगु

कुरा विक्रम संवत् २०७७ चैत ३० को हो । गाउँपालिकाको सदरमुकाम माझचौरमा स्थानीय जनप्रतिनिधिहरूका लागि सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी पुनर्ताजगी तालिम चलिरहेको थियो । धेरै सहभागी मौन रहेर प्रशिक्षकका कुरा सुनिरहेका हुन्थे । त्यहीबीचमा एउटी बूढी बूढी महिला भने आफूले नबुझेका कुरा सोधिरहन्थिन् बीच बीचमा– हाम्रो वडामा बाटै बनेको छैन, कसलाई भन्नुपर्छ ? स्वास्थ्य चौकीमा औषधिहरू राखिराख्न के गर्नुपर्छ ?...। प्रशिक्षकले प्रक्रिया बताउँदै जान्थे । उनी भने आफूलाई लागेका जिज्ञासा व्यक्त गरिहाल्थिन् ।

अघिल्लो दिनदेखि चलेको यस्तो तालिमका थोरै सक्रिय सहभागीमध्ये एक थिइन् उनी । अर्थात खत्याड गाउँपालिका, वडा नं. ११ की हिरादेवी शाही । जो वडा सदस्य पनि हुन् । हुन त उनी ६१ वर्ष पुगिन् तर पनि उनको बुझाइ, सोधाइ र सक्रियता हेर्दा लाग्थ्यो– भर्खर ३०-३२ वर्ष पुगिन् । तालिममा सहभागी प्रशिक्षक मात्र हैन, सबै सहभागीले अनुभव गरेका विषय हो यो ।

आरआरडिसीले उपलब्ध गराएको यस्तो तालिम उनले पहिला पनि लिएकी हुन रे । यो दोस्रो पटकको तालिमले आफूले पहिले जानेका कुरालाई तिखार्न मद्दत गरेको उनको बुझाइ छ । पहिले जनप्रतिनिधि भए पनि जतिबेला विकास निर्माणका काम आवश्यक पर्छन्, त्यति नै बेला पालिकामा आएर माग राख्थिन् । यसो गर्दिनुपर्‍यो, उसो गर्दिनुपर्‍यो भन्थिन् । 'आफूले यस्तो तालिम लिएपछि भने निश्चित समय अर्थात आफ्नो वडामा जे जे काम गर्नुपर्ने हो, त्यसबारे योजना तर्जुमाका बेला नै उठाउने गरेकी छु'– तालिमपछिको बुझाइ यसरी व्यक्त गर्छिन् उनी ।

आफू मात्र हैन, जब पालिकाले योजना तर्जुमाका लागि मिति र स्थान तय गर्छ त्यसपछि उनी गाउँका अरूलाई पनि खबर गर्छिन् र आफ्ना लागि आवश्यक योजनाहरू माग गर्न हौस्याउँछिन् । अनि आफूचाहिँ स्थानीयले राखेका तिनै माग योजनामा पार्न भरिसक्ये पहल गर्छिन् ।

उनले तालिमबाट सिकेका कुरा अरू पनि धेरै छन् रे । औँला भाँच्दै यसरी सुनाउँछिन् एक एक गरी– हाम्रो गाउँघरका झगडा सकभर बाहिर लान नहुने रहेछ । त्यसरी बाहिर लगेमा आफैँलाई घाटा हुने रहेछ । त्यसैले गाउँमै मिलाउनु सबैभन्दा राम्रो उपाय रहेछ । त्यसैगरी सम्भावित विपद्बाट सुरक्षित हुन झटपट झोला तयार गर्नुपर्ने रहेछ । विकास निर्माणका काम गर्दा माथिबाट लाद्ने नभई जहाँ जे आवश्यक छ, त्यहाँ त्यही विषयलाई प्राथमिकता दिनुपर्ने रहेछ । योजनाहरू माग गर्दा प्रक्रिया पूरा नगरी नहुने रहेछ । कुनै पनि काम गर्दा हिसाबकिताब पारदर्शी गर्नुपर्ने रहेछ । काम दिगो हुनुपर्ने रहेछ । यसो भयो भने बल्ल काम गराइमा सुशासन कायम हुने रहेछ...आदि ।

हिरादेवीले आफूले तालिमबाट जानेका कुरा सुनाउँदै गर्दा लाग्थ्यो, उनी धेरै परिपक्व भइसकेकी छिन् । कुरा सुन्दा उनलाई गफ मात्र धेरै जान्ने महिलाका रूपमा पनि अर्थ्याउन सक्छन् कोहीले तर वास्तविकता भने फरक छ । किनकि उनीसमेतको पहलमा उनको गाउँको विद्यालयमा २ कोठा थपिएको छ । विद्युत् उपलब्ध गराउन काम भइरहेको छ । स्वास्थ्य चौकीका दुईवटा भवन निर्माण भएका छन् जसका कारण बर्थिङ सेन्टर चलाउने प्रक्रिया सुरू भएको छ ।

आफ्नो पहलमा केही काम गर्न सके पनि सन्तुष्ट भने छैनन् हिरादेवी । गाउँको विद्यालयबाट राडी गाउँ जाने बाटो एकदमै अप्ठेरो छ । जान र आउनै बिहानभर जान्छ । यो बाटो बनाइछाड्ने उनको धोको अधुरै छ । त्यसैगरी बाँझो जमिनमा माटो र मौसमअनुसारको फलफूल लगाउने योजना पनि पूरा गर्नु छ । सँगै स्वरोजगारका कार्यक्रम पनि ल्याउनु छ । थप्छिन्– पोखरी छ, त्यसमा माछा पाल्ने धोको छ । अनि बिजुली आइहाले स्थानीयलाई केही रोजगारी तथा आय आर्जनको मेसो मिलाउन सकिन्थ्यो भन्ने लागेको छ ।

आफूलाई महिला हिंसा अन्त्य गर्न चाल्नुपर्ने कदमदेखि वडा सदस्यको कर्तव्य र अधिकारसम्म सिकाएर आरआरडिसीको तालिमले धेरै जान्ने बनाउनु निकै खुसीको कुरा हो भन्छिन् हिरादेवी । लामो समय स्वास्थ्य स्वयंसेविकासमेत रहेकी उनी 'फलानीको पालामा भएको' भन्ने पार्न सके मात्र आफूलाई स्थानीयले जिताएको अर्थ हुने बताउँछिन् । त्यही भएर त

## बजेट र कार्यक्रम बनाउन सकिने भइयो

पीसविनले जनप्रतिनिधिका लागि सञ्चालन गरेको तालिममा बसेपछि मलाई व्यक्तिगतरूपमा धेरै फाइदा पुगे को छ । गाउँपालिकाको मात्र हैन, वडाको बजेट निर्माण गर्न, कार्यक्रमहरू बनाउन र त्यसलाई कार्यान्वयन गर्नसमे त सकिने भएको छ । आर्थिक प्रक्रिया, योजना तर्जुमा आदिबारे जानकारी हासिल भयो भने जनप्रतिनिधिका काम, कर्तव्य र अधिकारबारे पनि छर्लङ्ग भयो । हामीलाई कतिपय कानुनी कुरा थाहै थिएन । यसबारे पनि तालिमले प्रस्टैसँग बुझायो । हाम्रा लागि यी जानकारी अति आवश्यक थिए जुन तालिममार्फत उपलब्ध गर ाएर पीसविनले ठूलो गुन लगाएको छ । आगामी दिनमा पनि यस्तै पुनर्ताजगी तालिमहरू सञ्चालन हुन सकेमा जनप्रतिनिधिले सम्पादन गर्ने काम झनै प्रभावकारी हुन्थ्यो भन्ने लाग्छ ।

**रमेश बिक**
वडा अध्यक्ष, वडा नं. ४, हिमाली गाउँपालिका, बाजुरा

७ छोरा र १ छोरीकी आमा हिरादेवी यो उमेरमा पनि निकै फूर्तीसाथ लागिपरेकी छिन् गाउँमा विकास भित्र्याउन । आफू यही तालिम लिन पनि २ घण्टाको बाटो हिँडेर आएको र त्यसैगरी उकाली/ओराली गर्दै हिँडेरै जाने उत्साहित हुँदै सुनाउँछिन् ।

